ISSN 2091-1629

मूल्य रु. ४५/-

गौरी मासिक
GAURI MASIK

वर्ष १९, अङ्क १०, २०८१ असार, पूर्णाङ्क २१८

निरन्तर २१८ औं अङ्क

अनन्तनारायण
पशुपति, काठमाडौं

दानपात्र

SCAN & PAY

A/C No : 1420100006151001
Swift code : RBBANPKA
Bank code : 201
Rastriya Banijya Bank
New Baneshwor, Kathmandu

विश्व विराट ज्ञान आश्रम
Bishwo Birat Gyan Asram

१ करोड गीता दान महाअभियान

Email: vishwoviraatgyanashram@gmail.com



जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरु कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष १९, अङ्क १०, २०८१ पूर्णाङ्क २१८

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती सीता श्रेष्ठ, खड्का
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
बिनीता पाठक
पार्वती सेढाईं
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)

मुद्रकः किशोर अफसेट प्रेस

अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।

एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-

ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।

यस पत्रिकामा प्रकाशित लेख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

कार्यालय
भुवनेश्वरीमार्ग, पशुपति, काठमाडौं
फोन नम्बर- ९८०३८८८६६७, ९८०३०९२४१७
इमेलः- gauri_2062@yahoo.com / masikgauri@gmail.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)
सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)
नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)
वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५
देवघाटधाम, तनहुँ ९८५१०३०९७२
मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५
कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

असार २०८१

शनिबार	१	८	१५	२२	२९
आइतबार	२	९	१६	२३	३०
सोमबार	३	१०	१७	२४	३१
मङ्गलबार	४	११	१८	२५	गौरी
बुधबार	५	१२	१९	२६	गौरी
बिहीबार	६	१३	२०	२७	गौरी
शुक्रबार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।

कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति

सम्पर्कः ९८४१५३३७८७, ९८०३८८८६६७ ९८५१०५३६०१

श्रीमद्भागवतमहापुराण

अघिल्लो अंकबाट क्रमशः

तीनैओटा गुणहरूका वृत्तिहरूको निरूपण

जसलाई मेरो भक्ति प्राप्त भयो त्यो त स्वतः सन्त भइ नै हाल्यो, जसले त्यस भक्तको सङ्गति गऱ्यो, त्यसको पनि भय र अज्ञानको नाश भइहाल्छ । जसले भगवान्को आश्रय लियो त्यसलाई दुःख कसरी हुन सक्छ ? यस कारण जुन मानिस यस घोर संसारसागरमा डुबिराखेका छन्, तिनीहरूका लागि ब्रह्मवेत्ता सन्त नै सुदृढ नाउ हुन् । जस्तै अन्नले प्राणहरूको रक्षा हुन्छ, त्यसै गरी म दीन र दुःखीहरूको परमरक्षक हुँ । जुन मानिस संसारदेखि भयभीत छन्, उनका लागि सन्तजन नै परमआश्रय हुन् । जस्तै सूर्यनारायण आकाशमा उदय भएर मानिस (प्राणीहरू)लाई ज्योति प्रदान गर्छन्, त्यस्तै सन्त पुरूषले भगवान्लाई हेर्न (दर्शन गर्न)का लागि अन्तर्दृष्टि प्रदान गर्छन् ।

मननशील साधक उपासनाको सानमा ज्ञानको खड्ङ्गलाई चढाएर साह्रै तीक्ष्ण (तिखो) गर्छन् र त्यसबाट देहाभिमानको मूलोच्छेदन गरी पृथ्वीमा निर्भय भएर विचरण गर्छन् । अनि त तिनमा कुनै प्रकारको आशा र तृष्णा रहँदैन । आत्मा र अनात्माको स्वरूपलाई राम्ररी बुझ्नु नै ज्ञान हो । हृदयलाई शुद्ध गरेर शास्त्रहरूको श्रवण तथा महापुरूषको उपदेश ग्रहण गर्नु नै त्यसको साधन हो ।

उद्धव ! जसलाई मेरा स्वरूपको राम्ररी ज्ञान भइसकेको छ त्यसका वृत्तिहरू र इन्द्रियहरू आदि समाहित अथवा विक्षिप्त नै रहन्छन् भने पनि तिनबाट त्यसको लाभहानि नै के हुन्छ र ? किनभने अन्तस्करण र बाह्य कारण त सबै गुणमय छन् र आत्मासित यिनको कुनै सम्बन्ध छैन । त्यसैगरी जस्तै आकाशमा बादल लागेपछि अथवा छिन्नभिन्न भएमा पनि सूर्यको कुनै हानिलाभ हुँदैन । यस्तो भए पनि जबसम्म मेरा सुदृढ भक्तियोगले मनको मैलो सर्वथा नष्ट नभइजाओस्, तबसम्म गुणहरूको र तिनका कार्यहरूको सम्पूर्ण रूपले त्याग गरिदिनुपर्छ । जस्तै राम्ररी चिकित्सा नगरेमा रोग समूल नाश हुँदैन, त्यसै गरी जुन मनका वासनाहरू पूर्णतया नष्ट भएका छैनन् त्यो मनले अधकल्चो योगीलाई कैयौं पटक पथभ्रष्ट गरिदिन्छ । तर पनि त्यो अधकल्चो योगी मार्गच्युत भए पनि त्यो पूर्वाभ्यासको कारण पुनः योगाभ्यास लागिहाल्छ किनभने आत्माको साक्षात्कारले त्यसको संसारविषयका समस्त वासना (तृष्णा) हरू पहिले नै नष्ट भइसकेका हुन्छन् । आत्मदृष्टि भएपछि अज्ञान र त्यसका कार्य निवृत्त भइहाल्छन् ।

आखिरमा उद्धवले गद्गद भएर भगवान्सित निवेदन गरे- हे अच्युत ! जसले आफ्नो मनलाई आफ्नो वशमा गर्न सक्तैन, त्यसका लागि हजुरले कुनै यस्तो सुगम (सजिलो) र सोको (सरल) साधन भन्नुहोस्, जसद्वारा त्यसले अनायास (बिनापरिश्रम) हजुरको परमपद प्राप्त गर्न सकोस् । क्रमशः...

आवरण परिचय

अनन्तनारायण, बत्सलेश्वरी प्राङ्गण, पशुपति

पशुपति क्षेत्र अन्तरगत वत्सलेश्वरी मन्दिरको उत्तरतर्फ अवस्थित माटोबाट निर्मित अनन्तनारायणको मूर्ति । राजा अमर मल्लका पालामा बनेपाका कुमालेले अनन्तनारायणको माटाको मूर्ति बनाई पशुपति प्राङ्गणभित्र स्थापना गर्न ल्याएकोमा तिनले त्यहाँ यो प्रतिमा स्थापना गर्न अनुमति नपाएपछि तिनीहरूले रात्रिको समयमा श्री वत्सला मन्दिर नजिकै नारायण स्थापना गरी रात्रिमा नै फर्किए भनी वंशावलीमा उल्लेख गरिएको छ (कोइराला, २०५१ : ३६७) ।

सम्पादकीय

संरचना निर्माणमा लापरवाही नगर

संसारको सबै तीर्थस्थलको दर्शन र परिक्रमा गरेपनि भगवान् श्रीपशुपतिनाथको दर्शन नगर्दासम्म अधुरो नै रहन्छ भन्ने धार्मिक मान्यता छ । यति ठूलो महिमा बोकेको हिन्दुहरूको आस्थाको केन्द्र, आराध्यदेव भगवान् श्रीपशुपतिनाथको मन्दिर नेपालमा रहनु हामी सबैको गौरव र प्रतिष्ठाको विषय हो ।

श्रीपशुपतिनाथको महत्व र प्रतिष्ठालाई बुझ्रेर पशुपतिनाथ मन्दिर सहित यस क्षेत्रको संरक्षण सम्वर्द्धन र विकास गर्ने हेतुले तत्कालीन राजा श्री ५ वीरेन्द्रबाट वि.सं. २०४३ सालमा पशुपति क्षेत्र विकास कोषको स्थापना भएको हो । पशुपति क्षेत्र विकास कोषले स्थापना कालदेखि हालसम्म आइपुग्दा यस क्षेत्रमा धेरै परिवर्तन गरेको पनि छ । तर जुन रूपमा मूर्त एवम् अमूर्त सम्पदाको संरक्षण गर्नुपर्ने हो त्यसरी गरेको भने पाइएन । विकास कोष सम्पदा संरक्षण भन्दा पनि विनाशमा उद्धत भएको देखिएको छ । युनेस्कोको विश्व सम्पदामा सूचिकृत पशुपति क्षेत्रका धेरै सम्पदाहरू पछिल्ला समयमा नष्ट गरिएका छन् । यसैको केही उदाहरणको रूपमा गुरुजीको सत्तल, सप्तमी सत्तल र बम्बै ढुकुटी घरलाई लिन सकिन्छ ।

पशुपति क्षेत्रमा नयाँ भौतिक संरचना निर्माण वर्जित छ । कुनै अपरिहार्य कार्यको निम्ति संरचना निर्माण गर्नुपर्दा पनि पुरातात्विक संपदाको मर्यादाअनुरूप बनाउनु जरुरी छ । तर कोषले यस्ता भौतिक संरचना निर्माण गर्दा पनि पुरातत्व विभागको निर्देशनलाई समेत वेवास्ता गरेको पाइएको छ । मृगस्थली-विश्वरूप पैदलमार्गमा कंक्रिट विछ्याइएको विषयमा सम्मानित सर्वोच्च अदालतले उक्त संरचना हटाउन निर्देशन दिएको अवस्था छ । सम्मानित सर्वोच्च अदालतले नयाँ संरचना निर्माणमा पूर्णतया निषेध गरेको वनकाली क्षेत्रमा कोषकै स्वीकृतिमा बन्दै गरेको स्नान गृह र फूलपसल निर्माण कार्य अलपत्र पर्नुले कोषले सम्पदा संरक्षण गर्छ भन्नेमा आशंका पैदा भएको छ । सम्मानित अदालतले निषेध गरेको क्षेत्रमा नयाँ संरचना बनाउन पुनः प्रयास गरियो भने अदालतको मान हानिको विषय उठ्न सक्ने भएकोले संवन्धित निकाय सचेत हुनु जरुरी छ । अस्तु,

यसभित्र

अविच्छिन्न

श्रीमद्भागवत महापुराण २

सम्पादकीय ३

कविता

सनातनी... डा. बमबहादुर थापा 'जिताली' ४

गीताज्ञान

कर्मयोग आचार्य खेमराज केशवशरण ५

समसामयिक

विश्व योग दिवशको... श्रीराम पाण्डे 'स्वधर्म' ७

आध्यात्मिक वार्ता

श्रीरामकृष्णको..... श्रीमहेन्द्रनाथ गुप्त श्री'म' ११

रहस्य

दश अवतार .... सहप्रा. डा. विनुबाबा अर्याल १४

कविता

असुर परिचय प्रा. डा. ऋषिराम पोखरेल १९

महिमा

नेपाली को हुन् ? हरिप्रसाद सोडारी २१

खोज

वेदकालीन पुर योजना मनोज ढुङ्गाना २५

विवरण

ऐतिहासिक श्रीपशुपति कोटीहोम..... २८

काव्य परिचय

वात्सल्यकी प्रतिमूर्ति प्रा. गोपिनाथ शर्मा ३१

गतिविधि ३४

सनातनी संस्कृतिमा एकताको विशेषता

–डा. बमबहादुर थापा 'जिताली'

ब्रह्मा, विष्णु, महेश एक जसरी चाका मिलाई तह
मौरीले कसरी पराग-कणको सिर्जन्छ मीठो मह ?
रानो एक, सहस्र हुन्छ जसरी मौरी अनेकौँ थरी
त्यस्तै धर्म, कला र संस्कृति छ यो हिन्दुत्व सर्वोपरि ॥

हिन्दूतत्त्व प्रभातका किरणझैँ विस्तीर्ण देखिन्छ पो
सातै रङ्ग खुलेर इन्द्र-धनुमा एकात्म भैदिन्छ पो !
इन्द्रेनी मनको अपार निधि हो भूस्वर्ग धर्ती हुने
त्यस्तै धर्म, कला र संस्कृति छ यो आकाशलाई छुने ॥

लाखौँ हिन्दु र बुद्धका हृदयमा संस्कार यौटै बनी
झल्केको छ छटा विशुद्धपनको त्यो शान्तिको चाँदनी ।
हिन्दू धर्म, कला र संस्कृति हुने पूर्वीय संस्कारको
श्रद्धा लाग्छ विशेषता मुटु छुने शास्त्रीयझङ्कारको ॥

गायत्री, शिव, पार्वती, भगवती राखेर छातीभर
जप्दै हिँड्छ सनातनी दिनदिनै ॐ शान्तिको मन्तर ।
सारा विश्व अटाउने मन हुँदा हिन्दुत्व मौलाउँछ
हाम्रो धर्म, कला र संस्कृति मिले भ्रातृत्व फैलाउँछ ॥

प्यारो लाग्छ जतातत्तै हृदयमा अध्यात्म रामायण
हिन्दूका घरमा छ मन्दिर सधैँ प्राचीन पाञ्चायन ।
गायत्री मनमा जपेर अहिले देवत्व खोज्दैछु म
संसारी परिवेशको शिखरमा हिन्दुत्व रोप्दैछु म ॥

सेतो यो गिरिराजको शिखर हो आलोक बर्साउने
छातीबाट अजस्र शान्त-रसका बाढी बहाई दिने ।
लाखौँलाख नदी मिलेर जसरी यौटै बन्यो सागर
त्यस्तै धर्म, कला र संस्कृति छ यो हिन्दुत्व ऊर्जा घर ॥❖

–नागार्जुन न.पा.-१, रानीवन, काठमाडौँ

गीता तृतीय अध्याय

कर्मयोग



-आचार्य खेमराज केशवशरण

भगवद्‌गीताका मर्मज्ञ समीक्षकहरूको विचारमा दोश्रो अध्यायको स्थित प्रज्ञालक्षणको समाप्तिसँगै भगवद्‌गीताको पूर्णता हुने थियो । परन्तु दोश्रो अध्यायको उनन्चासौं श्लोकको मार्मिक सन्देशले अर्जुनलाई एकाग्र रहन दिएन । त्यसमा भनिएको एउटा कुराले उनको मनमस्तिष्कलाई खुल्दुलीमा पारिदियो । भगवान्‌ले त्यसमा समतापूर्ण बुद्धियोगभन्दा कर्म कताकता तल्लो हो- दूरेण हि अतंर कर्म बुद्धियोगात् भन्नुभएको थियो । त्यसबाट अर्जुनको मनमा केही सोधौं सोधौं जस्तो भई नै रह्‍यो ।

यता भगवान् स्थितप्रज्ञ लक्षणका विविध पक्षमा प्रकाश पार्दै जाँदै हुनुहुन्थ्यो । उता अर्जुन चाहिँ त्यही खुल्दुलीमा मनमा कुरा खेलाइरहेका थिए । समतापूर्ण बुद्धियोगभन्दा सामान्य कर्ममात्र नै तल्लो स्तरको मानिन्छ भने त्यसमाथि युद्धजस्तो घोर कर्ममा भगवान्‌ले यसरी प्रेरणा किन गरिरहनु भएको होला ? यसै कुराको तर्कवितर्कमा उनी हराइरहेका थिए । यदि गम्भीरतासाथ मननपूर्वक उनले स्थितप्रज्ञ लक्षणको त्यो पूरा प्रसङ्ग सुन्न सकेका भए उनलाई त्यो कुरा सोधिरहनु पर्ने थिएन र गीता त्यतिमै पूर्ण बन्न पुग्ने थियो । तर, अर्जुनको त्यो उत्कट जिज्ञासा मनमा बढेको बढ्‍यै रह्‍यो र तेश्रो अध्यायको थालनीमा उनले त्यही जिज्ञासा मनमा राखिदिन्छन् जसबाट गीताको प्रसङ्ग पुन झाङ्गिन पुग्दछ । अर्जुनको त्यो जिज्ञासा पनि हृषीकेश भगवान्‌ले अर्जुनलाई निमित्त तुल्याएर आउने युगका लाखौं करोडौं अरबौं भ्रमित आत्माहरूका लागि स्पष्ट मार्गदर्शन गर्न सोको अलौकिक कृपामय भूमिका थियो ।

अर्जुनका मनमा जिज्ञासा उठेजस्तै असंख्य साधकहरूका मनमा पनि बुद्धियोगभन्दा कर्म ज्यादै तल्लो हो भन्ने समझ बन्न जाला भनेर त्यसको निराकरण गर्दै कर्मयोगको बारेमा विस्तारपूर्वक विशदविवेचन प्रस्तुत गरिएको हुनाले तेश्रो अध्यायको नाम 'कर्मयोग' रहन गएको छ ।

बुद्धिमा एकाग्रता कायम गरेर फलाशारहित मनले श्रद्धाविश्वास साथ कर्म गर्दै र मन, वुद्धि, इन्द्रिय र शरीरलाई जगत्‌को अंश संझेर तिनीद्वारा जगत्‌कल्याणको निमित्त सेवाभाव राख्दै सिद्धि र असिद्धि दुवैमा समभावले रही भगवत्प्राप्त्यर्थ कर्म गर्नु कर्मयोग हो ।

यस अध्यायमा पाँच प्रकरण छन् । पहिलो श्लोकदेखि आठौं श्लोकसम्मको पहिलो प्रकरणमा भगवान्‌ले ज्ञानयोग र कर्मयोगका प्रवृत्तिहरूको आधार भूत भिन्नता दर्शाउँदै दुवैमा अनासक्त भावले नियत कर्म गर्नु पर्ने कुरा संझाउनुभएको छ । नवौं श्लोकदेखि उन्नाइसौं श्लोकसम्मको दोश्रो प्रकरणमा भगवान्‌ले यज्ञादि शुभकर्महरू गर्दैरहनु आवश्यक छ भन्ने कुरा सम्झाउनु भएको छ । बीसौंदेखि उनन्तीसौं श्लोकसम्मको तेश्रो प्रसङ्गमा ज्ञानवान्‌ले त कर्म नगरी नहुने कुरा छँदैछ, स्वयं भगवान्‌ले पनि लोकसंग्रह (लोकप्रेरणा)को निमित्त कर्म गर्नै पर्दछ भन्ने कुरा भगवान्‌ले स्पष्ट गर्नुभएको छ । तीसौंदेखि पैतीसौं श्लोकसम्मको चौथो प्रकरणमा रागद्वेषरहित शुद्ध मनले कर्म गर्ने प्रेरणा भगवान्‌ले दिनुभएको छ । छत्तीसौंदेखि त्रिचालिसौं श्लोकसम्मको पाँचौ तथा अन्तिम प्रकरणमा काममाथि विजयी बन्ने प्रेरणा भगवान्‌ले दिनुभएको छ ।

आफ्ना मनको मूल प्रश्न अघि सार्दै अर्जुन गीता विस्तारको निमित्त बन्न पुगेको भगवत्कृपाप्राप्त जिज्ञासा प्रस्तुत गर्दछन् ।

अर्जुन उवाचः
ज्यायसी चेत्कर्मणस्ते मता बुद्धिर्जनार्दन ।
तत्किं कर्मणि घोरे मां नियोजयसि केशव ।१।।

अन्वयः हे जनार्दन, ते कर्मणः बुद्धिः ज्यायसी, मता चेत् तत् केशवः किम् धीरे कर्मणि मां नियोजयसि ?

सरलार्थः हे जनार्दन ! यदि हजुरले कर्मभन्दा बुद्धि नै श्रेष्ठ हो भन्ने मान्नुभएको हो भने, हे केशव ! मलाई

युद्ध जस्तो घोर कर्ममा किन लगाउँदै हुनुहुन्छ ?

भावार्थचन्द्रिकाः कर्तव्य कर्मको त्याग भयो भने त्यसले मानिसको मनमा एउटा दुविधाको भाव जाग्दछ जसले साधकलाई कमजोरीतिर लैजान्छ । अर्जुन यहाँ अपरिहार्य हुन आइपुगेको युद्धरूप कर्तव्यको परित्याग गर्ने सोच मनमा लिएर दुविधाग्रस्त बन्न पुगेका छन् । उनन्चासौं श्लोकमा भनिएका कुरा उनका मनमा खेलिरहेका थिए । कर्तव्य हुन आएमा युद्ध जस्तो घोर कर्मतिर अग्रसर हुँदा पनि समतायुक्त बुद्धि प्राप्त हुन सक्दछ भन्ने अर्जुनलाई जानकारी भएन ।

बुद्धियोग अथवा समतापूर्ण बुद्धिमा कुनै कर्मको कारणले कुनै फरक पार्न सक्दैन । कर्तव्य बनेर उपस्थित हुने जस्तोसुकै कर्म पनि समतायुक्त बुद्धिका लागि सहयोगी नै हुन्छ भन्ने उनले सम्झिन सकेनन् । युद्धलाई घोर कर्मको संज्ञा दिंदै उनी यसबाट बचेर एकान्तप्रेमी संन्यासी बन्ने सोचाई राख्न पुग्दछन् । जुन उनको प्रकृति, स्वभाव र उनको कर्तव्य विपरीत थियो । कर्तव्य कर्मको त्याग भयो भने साधनाका सबै मार्ग अवरूद्ध हुन्छन् । साधना साधनामा नै रहन पाउँदैन ।

भगवान्ले विभिन्न प्रकरणमा प्रकट गरेका विषयहरूको मर्म बुझ्न नसकेर अर्जुन ज्यादै खज्मजिएको मनस्थितिमा पुग्दछन् । यसैको संकेत दिंदै उनी कुनै एक बाटो तोकेर बताइदिन प्रार्थना गर्दछन्–

व्यामिश्रेणेव वाक्येन बुद्धिं मोहयसीव मे
तदेकं वद निश्चित्य येन श्रेयोऽहमाप्नुयाम् ।२।

अन्वयः व्यामिश्रेण इव वाक्येन बुद्धिं मोहयसि इव, तत् निश्चय एवं पद येन अहं श्रेयः आप्नुयाम् ।

सरलार्थः बुद्धियोग र कर्मका बारेमा हजुरले आज्ञा भएको वाक्यमा मलाई दुवै कुराको मिसावट भएजस्तो लाग्यो । हजुरले यी दुईटा कुन चाहिंलाई श्रेष्ठ बताउनुभएको हो मैले ठहर गर्न सकिन । हजुरको वाक्यको आशय बुझ्न नसकेर मेरो बुद्धि मोहित भैं भइरहेछ । त्यसैले कुनै एक्काई छुट्याएर बताइदिनुहोस् जसबाट मलाई कल्याण प्राप्त होस् ।

भावार्थचन्द्रिकाः यहाँ अर्जुनले दोश्रो श्लोकमा दुई पटक 'इव' को प्रयोग गरेर भगवान्का वचनप्रतिको विश्वसनीयता र भक्तप्रतिको भगवान्को कल्याण, आफ्नो प्रति भरोसा व्यक्त्याएका छन् । भगवान् कहिल्यै कसैप्रति अस्पष्ट कुरा बोल्नु हुँदैन । तर यहाँ अस्पष्ट जस्तो, मिसिएजस्तो हुन गयो 'व्यामिश्रेण इव' ।

अर्जुन भन्दछन्– हे प्रभु ! हजुर त भक्तका लागि जे भन्नु पर्ने हो सबै स्पष्ट भन्ने गर्नुहुन्छ । तर मेरै सम्झिने शक्तिको कमीले होला छ्यासमिस जस्तो बन्न गयो । त्यसै गरी हजुर त मोहबाट भक्तलाई छुटाइदिनुहुन्छ । तर मेरो आफ्नै सोचाइ र संभाइको कमीले गर्दा हजुरले नै मलाई मोहमा पारिदिन खोजेभैं 'मोहयसि इव' हुन गयो । यी दुवै कुरा भनाईको अस्पष्टता र मलाई मोहमा पारिदिने इच्छा दुवै हजुरमा हुन नसक्ने कुरा पनि भए सरह प्रतीत हुँदैछन् । यी सबै मेरै कमी र कमजोरीले भएका हुन् ।

आफ्नो निम्ति भगवान् कुनै हालतमा पनि अहितकर बन्न सक्नुहुन्न भन्ने आफ्नो मनमा रहेको प्रवल विश्वास अर्जुनले प्रकट गरेका छन् । भगवान्को शरणागति ग्रहण गरेका भक्तका लक्षणमा पनि यो विशेषता आउँछ– म प्रभुको हुँ र प्रभु नै मेरो साँचो संरक्षक हुनुहुन्छ ।

अर्जुनले सामान्य सांसारिक सुखको चाहनाभन्दा माथि उठेर लौकिक तथा पारलौकिक दुवै रूपबाट आत्मकल्याणको चाहना भएको कुरा स्पष्ट भनेका छन् । भगवान्लाई सम्पूर्ण रूपमा आफ्नो अनुकूल ठहर गरी आफ्नो अन्तर्निवेदन गरेका छन् ।

अर्जुन पूर्णरूपले भगवत्कार्य साधनाका निम्ति निमित्त बनेका छन् । उनकै निमित्ततामा विश्वका आत्मसाधकहरूका निम्ति भगवद्गीता जस्तो अमृतमय ज्ञान स्रोत प्राप्त भएको छ । भगवान्प्रति पूर्ण समर्पित निःस्वार्थ मनले उहाँको आज्ञाकारी बनेर अघि बढ्नेले मात्र यस्तो निमित्तता प्राप्त गर्न सक्दछ । भगवान्मा पूर्ण आफ्नोपन देखेर आफ्ना मनको कुने कसर नछोडी सम्पूर्ण रूपमा हृदय खोलेर उनले यो प्रश्न गरेका हुन् । क्रमशः ❖

(आचार्य खेमराज केशवशरण वि.सं. २०७४ साउन १८ गते स्वर्गारोहण हुनभएको हो । उहाँले लेख्नुभएको र उहाँकै पारिवारिक श्रोतबाट प्राप्त भएको गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा निरन्तर प्रकाशित गर्दै आइरहेका छौं ।)

विश्व योग दिवशको सान्दर्भिकता

–योगाचार्य श्रीराम पाण्डे 'स्वधर्म'

विश्व योग दिवस हाम्रो घर आँगनमै आइपुगेको छ । आजको युगले योगलाई सार्वभौम, सरल र प्राकृतिक स्वरूपमा अपनाएको छ । यहाँसम्म कि ४३ वटा मुस्लिम देशले पनि विश्वयोग दिवसलाई स्वतः स्फूर्त रूपमा स्वीकार गरेका छन् ।

दैनिकी व्यवस्थापनदेखि अध्ययन-अनुसन्धानमा विश्वका ठूला सेलिब्रेटीले योगलाई अपनाएका छन् । खेलकुद, मनोरञ्जन, चिकित्सा, मनोविज्ञान, राजनीति, कुटनीतिसम्ममा योगले महत्त्वपूर्ण, महनीय स्थान पाएको छ । यी सबै कारणले, आजको युग योगको युग र विश्वको धर्म पनि योग हो भन्दा अत्युक्ति पक्कै हुने छैन ।

योगको महत्त्व सार्वभौम रूपमा स्वीकृत हुनु पर्ने अवस्था किन आयो ? योगको जन्मभूमि नेपालले यसमा चिन्तन गर्न अत्यन्तै जरूरी छ । वैदिक युगका मन्त्रद्रष्टा ऋषिहरूका अन्वेषणको पछाडिको विज्ञान योग नै थियो । वैदिक युगलाई जन्माउने पूर्ववैदिक युग कस्तो थियो होला ? त्यसबेलाको यौगिक संस्कृति र सभ्यतामाथि चिन्तन–मनन गर्न आवश्यक रहेको ठान्नुहुन्छ विश्वयोगदिवस विचारका प्रणेता नेपालका महायोगी मानसाग्नि अर्थात् डा. हरिप्रसाद पोखरेल ।

मानसाग्नि पोखरेलले वि.स. २०३६ सालबाटै नेपालका गाउँ गाउँमा भ्रमण गरी नेपालीलाई योगको महत्त्व र अब आउने योगयुगको भविष्यवाणी गर्नुभएको थियो, या भनौं आउने समयको पदचापलाई आफ्नो साधना बलद्वारा अनुभूत गर्नुभएको थियो । उहाँले जनमानसलाई योगको जन्मदाता शिवको देश योगभूमि नेपाललाई योगराष्ट्र बनाउनुपर्छ भनेर जागरूक र सङ्गठित गर्ने काम निरन्तर गरिरहनुभयो, राजनेता, राजनीतिज्ञलाई पनि यो भूमि हिरा, मोती, सुन भएको प्रमाण दिइरहनुभयो । विश्वयोग दिवस विविध सामाजिक कार्यका साथ मनाइरहनुभयो । ३० देशसम्म पुग्ने गरी योगको प्रचार पनि गर्नुभयो ।

वि.सं. २०७२ सालसम्म ३७ औं विश्वयोग दिवस मनाएको इतिहास नेपालसँग छ । तर विश्वव्यापी रूपमा हामीले योगलाई लैजान नसक्दा यसको श्रेय भारतले पाएको छ । नेपालको विश्वयोग दिवस राष्ट्रिय योगदिवसमा सिमित हुन पुगेको छ । दशौं विश्वयोग दिवस यही जुन २१ मा मनाइरहँदा हामीले हाम्रो आधुनिक, मध्यकालीन र प्राचीन योगको सबै गौरवलाई सम्झिनुपर्दछ ।

साङ्ख्य दर्शनका प्रवर्तक कपिलमुनि, अठार पुराणका लेखक व्यास, गायत्री मन्त्रद्रष्टा ऋषि विश्वामित्र, मच्छिन्द्रनाथ, हठयोगका प्रवर्तक भगवान् गोरखनाथ, कौमुदी व्याकरणका प्रवर्तक पाणिनि, वाल्मीकि, भृगु, परासर, च्यवनलगायत हजारौं ऋषिमहर्षिहरूको साधनाको तपस्थली देश हो नेपाल । अष्टाङ्ग योगका प्रणेता महर्षि पतञ्जलि पनि नेपालमै जन्मिनुभएको हो भन्ने मत विद्वान्हरूमा रहेको पाइन्छ । आधुनिक कालमा खप्तड बाबा, शिवपुरी बाबा, श्यामचेतन बाबा, वाशुकी बाबा जस्ता सिद्ध सन्तहरू नेपालको काखमा एकान्त साधनामा रमाउनुभयो । भारतका आधुनिक समयका विश्वप्रसिद्ध योगीहरू स्वामी राम, महर्षि महेश योगीको पनि प्रिय क्षेत्र यही तपस्थली नेपाल नै थियो । महर्षि महेश योगी भावातीत ध्यान केन्द्रद्वारा त नेपालको संस्कृति, संस्कृत भाषा र वैदिक सभ्यता उत्थान जस्ता क्षेत्रमा उल्लेखनीय काम अहिले पनि

भइरहेका छन् । त्यस्तै अहिले पनि कति योगी, ध्यानी दिव्य साधनामा मौन हुनुहुन्छ । यी सबै नेपाल योगभूमि भएको सशक्त प्रमाण हुन् ।

मानवजातिको सृष्टि नै नेपालबाट भएको मान्नुहुन्छ राष्ट्रगुरु योगी नरहरिनाथ । महर्षि महेश योगीका सय भन्दा बढी देशका वैज्ञानिक, चिन्तक, अन्वेषक आज पनि नेपाल वेदभूमि हो भनेर स्थापित गर्न लागिपर्नुभएको छ । शिवद्वारा रक्षा भएको पावनभूमि नेपाल शिव सभ्यता संस्कृतिको केन्द्र हो जसको आधार योग नै हो । त्यस्तै मिथिला सभ्यता र संस्कृतिको केन्द्र पनि योगी जनकको योग नै थियो । जनक एउटा पद्वी रहेको र अहिले हामीले मानेको सीताका पिताको नाम शिरध्वज हो । महामानव बुद्धको शिक्षा, उपदेश र दर्शन त आजको विश्वमा सबैभन्दा बढी वैज्ञानिक र प्रामाणिक मानिएको छ । आधुनिक पच्चीस सय वर्षमा विश्व राजनीतिको मानचित्रमा बुद्धको उपदेश अनवरत रूपमा प्रभावशाली रहँदैआएको छ । यस्ता अनेकौं सभ्यता र संस्कृति चाहे त्यो पूर्ववैदिक, वैदिक या आधुनिक नै किन नहोस् सबैको आधार योग हो र योगको मूल उद्‌गम नेपाल नै रहेको स्पष्ट हुन्छ । नेपालमा रहेका योगका यी सबै इतिहास लेखिएका छैनन् र ती योगका संस्कार (डी.एन.ए.) हाम्रा जीवनशैलीबाट हराउँदै छन् । योगदिवस मनाइरहँदा यसतर्फ पनि सबैको ध्यान जानु जरूरी देखिन्छ । व्यक्तिको चेतनालाई उच्च चेतनामा पुऱ्याएपछि मात्र हरेक मानवीय पिण्डमा योगको परम रहस्य प्रकृतिले उद्‌घाटन गर्दछ ।

योग भनेको आत्मा र परमात्माको मिलन हो भनेर दिव्यदृष्टि प्राप्त योगीहरूले मानेका छन् जुन चेतनामा पुगेपछि व्यक्तिको सम्पूर्ण व्यक्तिगत वृत्ति समाप्त भई महासागर वृत्ति योगीको पिण्डमा उदाउँछ अर्थात् ऊ 'यत् पिण्डे तत् ब्रह्माण्डे' को अवस्थामा पुग्दछ । वेदको लाखौं श्लोकमध्ये ज्ञानकाण्डका हजारौं श्लोकको निष्कर्षको रूपमा रहेको महर्षि महायोगी वेदव्यासद्वारा रचित मानिएको ब्रह्मसूत्र- ५५५ श्लोकको पहिलो श्लोक नै अर्थात् ब्रह्मजिज्ञासाबाट शुरू भएको छ ।

विज्ञानमा पुरै प्रक्रिया पुगेपछि मात्र अन्तिममा अब यो त्यसकारण सिद्ध हुन्छ भनिन्छ, यहाँ विज्ञानको पनि महाविज्ञान योगविज्ञानको वेदान्त सूत्रमा 'अब त्यसकारण ब्रह्मको जिज्ञासा'बाट शुरू हुन्छ भनिनुले मान्छेको वास्तविक- सारतत्त्व ब्रह्म अर्थात् आत्मा नै भएकोले हो भन्ने कुरा स्पष्ट हुन्छ । त्यस्तै पतञ्जलि योगसूत्र पनि 'अथयोगानुशासन'बाट शुरू भएको छ ।

मान्छेको स्वरूप भनेकै उसको विवेक हो, उसको अन्तरप्रज्ञा हो, यही नै धर्म हो, स्वधर्म हो । वेदव्यासले महाभारतमा भन्नुभएकै छ -

आहार-निद्रा-भय-मैथुनं च सामान्यमेतत् पशुभिर् नराणाम् ।
धर्मो हि तेषामधिको विशेषो धर्मेण हीनाः पशुभिः समानाः॥

आहार, निद्रा, भय र मैथुन यी पशु र मानवमा रहने समान गुण हुन् । धर्म नै मानवको विशिष्ट पहिचान हो । जो धर्मविहीन छन् ती पशुसमान हुन् । इन्द्रिय, शरीर, मन, बुद्धि र त्यसभन्दा माथि रहेको धर्म, विवेक अर्थात् आत्माको ज्ञान हामीलाई गुरूकूलमा पाँचवर्षको उमेरदेखि नै दिइन्थ्यो । इच्छाशक्ति, क्रियाशक्ति र ज्ञानशक्ति स्वरूपा गायत्रीको उपाशना-अनुष्ठान वैदिककालकै उपज हो र त्यसको निरन्तरता यौगिक जीवनशैलीको रूपमा समाजमा विभिन्न रूपमा थोरै भएपनि आजपर्यन्त चलिआएको छ ।

यसै कारणले जब मान्छेको हृदयमा आत्मविद्या उदाउँछ उसमा स्वतः शरीर र मनका चाहना, तृष्णाहरू शून्य हुन्छन् र शान्तिका तरङ्गहरू यत्रतत्र फैलिन्छन् त्यसलाई आजभोलि वैज्ञानिकहरू बुद्धफिल्ड (Transcendental Field of Consciousness) भन्न थालेका छन् । यसमाथि वृहत् रूपमा अनुसन्धानहरू भएका छन् । आजका वैज्ञानिकहरू सबै कुरा चेतना रहेछ भन्न थालेका छन् । आजको विज्ञान ब्रेन र म्याटर भन्दा माथि उठेको छ । विज्ञानको पनि जनक मानिएको योगविद्या, मान्छेको साधारण चेतनालाई अति मानवीय चेतनामा उठाउन सक्ने योगविज्ञान देशको मूल नीति बन्नुपर्छ, विश्वयोग दिवस मनाइरहँदा यसतर्फ सबैको ध्यान जान जरूरी छ ।

आज मान्छे प्राकृतिक जीवनशैलीबाट टाढा पुगेको छ । संसारलाई जित्ने नाममा मान्छे आफैँसँग हारिरहेछ । आनन्द, खुसी, सन्तोष, निरोगितामा कमी आधुनिक समाजका मान्छेमा अधिक भएकोले यसको सन्तुलनका लागि सार्वभौम, सरल, प्राकृतिक शान्तिको साधन योगको अझै सरल रूपमा जनमानसमा चेतना विस्तार हुनुपर्छ । योगको सूक्ष्म भन्दा पनि प्रयोगात्मक र व्यावहारिक उपयोगिता भएका यौगिक क्रियाहरूको वैज्ञानिक र चिकित्सकीय उपयोग/प्रयोग गर्न नेपालले ढिला गर्नु हुँदैन ।

विश्वका ठूला गणितज्ञ, वैज्ञानिक, दार्शनिक, सङ्गीतज्ञ आदि सबै योगी नै थिए । आधुनिक दर्शन एवम् पहिलो गणित अर्डर (analytic geometry-used)का पिता मानिने रेने डिकार्टेस्ले विश्वका सबै कुरामाथि सन्देह गर्दै अन्तिममा गणितमाथि पनि सन्देह गरे । फ्रान्सका ती वैज्ञानिकले सन् १६३८ को बर्षाद्को रात्रिमा झ्यालबाट बाहिर हेर्दै आफैँसँग प्रश्न गरे 'म को हुँ ?' त्यसपछि उनले विश्वलाई प्रसिद्ध दार्शनिक विधि दिए जसलाई 'कार्टिसियन डाउट' भनिन्छ । उनैले अन्तिममा विचारको सत्तालाई स्वीकार गरेर भने I think, Therefor I am अर्थात् म सोच्छु, त्यसकारण म छु ।

तैत्तिरीयोपनिषद्मा यसैलाई पञ्चकोषमध्येको चौथो; विज्ञानमय कोष मानिएको छ । यहाँ डिकार्टेस् ब्रह्मसत्ताको एकदमै नजिक पुगेका छन् । त्यस्तै आइस्टाइन, निकोला टेस्ला जस्ता महान वैज्ञानिक ध्यान गर्नुहुन्थ्यो भन्ने कुरा उहाँहरूको जीवन हेर्दा स्पष्ट हुन्छ । आइस्टाइनले पूर्वका योगी शिवपुरी बाबा र निकोला टेस्लाले विवेकानन्दलाई भेट गरेको प्रसङ्गहरू आइसकेका छन् ।

हामीले अर्जुनको सन्देहलाई गीतामा सन्देहयोग भनेका छौं । त्यही सन्देहबाट श्रीमद्भगवत् गीताज्ञान संसारलाई प्राप्त भयो । त्यस्तै इसापूर्व दोश्रो तेश्रो शताब्दीको एउटा प्रसङ्ग चीनका एकजना झेन मास्टर 'चङ्छ' (Zhangzi'Ùs -Chuang– Tzu'Ùs) (Butterfly Dream) को पनि आउँछ; उनले सपनामा पुतली भएर उडेको देखे, यसपछि गुरूको अनुहारमा चिन्ता देखेर शिष्यले यो त सामान्य घटना हो भने, चङ्छुमा जागरण थियो; सामान्य घटनामा बुद्ध चेतना देख्ने झेन वृत्तिको संस्कार थियो । उनले आफ्ना शिष्यसँग भने- यो चङ्छुले पुतलीको सपना देखेको हो कि ? पुतलीले सपनामा चङ्छुको सपना देखेको हो ? चङ्छुले पुतली देख्न सक्छ भने पुतलीले पनि सपनामा चङ्छु देख्न सक्छ । चङ्छु सपना हो भने पुतली पनि सपना हो । यो घटनामा पनि उपनिषद्को ब्रह्मसत्ताको खोजी गर्ने ज्ञानयोगको विधि 'नेति..नेति.. अर्थात् ब्रह्म बाहेक सबै भ्रम हो' अर्थात् ज्ञानयोग घटेको देखिन्छ । झेन शब्द चानबाट बनेको हो भने, ध्यानलाई नै चाइनिज भाषामा चान भनिएको हो । आज विश्वमा फैलिएको झेन र मेडिटेसन एकै हुन् ।

महायोगी बुद्धले मौनको भाषामा आफ्ना परम शिष्य महाकश्यपलाई दिएको योगको विधि नै झेन हो जुन उपदेश बुद्ध सभ्यता र संस्कृतिको आधार बनेर आज विश्वमा फैलिएको छ । पतञ्जलि योग सूत्रमा चित्त, चित्तवृत्ति आदिको बारेमा जति चर्चा भएको छ त्यो भन्दा मिहिन ढङ्गमा चित्त र चेतसिकको बारेमा बुद्धधर्ममा चर्चा भएको छ । भगवान् बुद्धको शिक्षा मूलमा योगको शिक्षा हो । जिज्ञासु भावले सबै नेपालीले बुद्ध शिक्षालाई पढ्न/बुझ्न अत्यन्तै जरूरी छ ।

उपनिषद्को एउटा प्रसङ्गलाई हेरौं- भृगु आफ्ना ब्रह्मर्षि पिता वरूण कहाँ गएर सोध्छन् - 'भगवान् मलाई ब्रह्मको ज्ञान दिनुहोस् ।' पिता वरूण भन्छन् -'अन्न, प्राण, नेत्र, श्रोत्र, मन एवम् वाणी यी सबै ब्रह्मलाई उपलब्ध गर्ने द्वार हुन्, यी सबैमा ब्रह्मको सत्ता स्फुरण भैरहेका छन्, यी सबै प्रत्यक्ष देखिने जीव केबाट उत्पन्न हुन्छन् ? उत्पन्न भएर यी सबै कसको बलमा अडिएका छन् या जीवित

रहेका छन् ? प्रलयकालमा यी सबै केमा विलय हुन्छन् ? त्यो सत्तालाई तिमी जान्ने प्रयास गर; त्यो नै ब्रह्म हो ।' भृगु ब्रह्मचर्य धारण गरेर संयमपूर्वक तपस्या गर्न थाले । उनले निश्चय गरे अन्न नै ब्रह्म हो अन्नको परिणाम भूत वीर्यद्वारा नै सम्पूर्ण जीव उत्पन्न हुन्छन् । अन्नद्वारा नै जीवन सुरक्षित रहन्छ साथै मृत्युपछि जीव अन्न रूपमा नै प्राप्त हुन्छन् । आफ्नो तपस्याको निचोड पिता वरूणलाई बताउँछन् त्यसपछि वरूणले अझै तपद्वारा ब्रह्मलाई जान्ने प्रयास गर भन्ने आदेश पाउँछन् । एवम् रितले भृगुले यो जगत प्राणमयकोशद्वारा बनेको पाउँछन्; प्राणद्वारा नै सबै जगत, जीव उत्पन्न हुन्छन् प्राणद्वारा नै अन्नको रस शरीरमा पुग्छ अर्थात् प्राणद्वारा नै परिपोषक छ र मृत्यु पश्चात् यी सबै जीव प्राणमा प्रवेश गर्दछन् अतः प्राण नै ब्रह्म हो भन्ने निचोड पितालाई सुनाउँछन् ।

पिता वरूणले पुत्रको प्राप्तिमा मौन समर्थन गर्दै अझै तपस्या गर्न प्रेरित गर्छन् । भृगु फेरि संयमले साधना गर्छन् । यसपटक भृगु मनद्वारा नै जगत, जीव र जीवनको उत्पन्न भएको, स्त्री र पुरूषको मानसिक राग-अनुरागले इन्द्रियद्वारा प्राणीको जीवन चलेको र मरेपछि इन्द्रिय-मन आदि सबै मनमा नै प्रवेश गरेको निचोडमा पुग्छन् । उनका पिताले पुत्रको प्रगति देखेर खुसी त हुन्छन् तर मौन बस्छन् र अझै तपस्या गर्न प्रेरणा दिन्छन् ।

भृगु तपस्याद्वारा मनोमय कोश भन्दा पर विज्ञान स्वरूप चेतन जीवात्माको आयाममा प्रवेश गर्दछन् । यो सबै सृष्टि; जीवन, जीव, जगतको कारोवार चेतन जीवात्माले गरेको, जीवात्माद्वारा नै इन्द्रिय-प्राण-मन धारणा भैरहेको र मरणकालमा प्राणजनित इन्द्रिय मनादि सबै विज्ञानमय चेतनास्वरूप जीवात्मामा प्रवेश गर्ने गरेको रहस्य पत्ता लगाउँछन् । यही चेतना स्वरूप विज्ञानमय जीव नै ब्रह्म रहेको निष्कर्षमा पुग्दछन् ।

पुत्रको प्रगतिमा मौन बसेका ब्रह्मर्षि वरूण पुत्रलाई तप नै ब्रह्मलाई जान्ने परम साधन रहेको, तपद्वारा नै ब्रह्मको अनुभूति हुने प्रेरणा दिदै तपस्यामा पठाउँछन् । संयमपूर्वक तप गर्दै भृगु अन्ततः परब्रह्म स्वरूपमा लिन हुन पुग्छन् । आनन्द स्वरूप ब्रह्म नै अन्न, प्राण, मनादि सबैको अन्तर प्रेरणा रहेको, सबै आनन्द स्वरूप ब्रह्मकै स्थुल रूप मात्र रहेको, सबैमा आनन्द स्वरूप ब्रह्मकै कारण बुद्धि रहेको, आनन्दद्वारा नै यी सबै प्राणी जिइरहेको, आनन्दस्वरूप अचिन्त्य शक्तिद्वारा नै जगत चलेको, उक्त आनन्दस्वरूप ब्रह्मको प्रेरणाले नै सूर्य चन्द्र आदि ग्रह-नक्षत्र तारा आकाशगंगा गतिवान भएकोले नै सबै जीव जीवित रहेको र प्रलयकालमा अविनाशि आनन्दस्वरूप ब्रह्ममा यो सबै सृष्टि लिन हुने बोधमा भृगु पुग्दछन् र पिता झैं ब्रह्मर्षि हुन पुग्छन् ।

जसरी योगीहरू आफूभित्र अन्तरचेतनाको अन्वेषण गर्दछन् त्यस्तै गरी वैज्ञानिक चेतनाको वाह्य गमनलाई अनुसन्धान गर्दछन् । वैज्ञानिक अनुसन्धानद्वारा हाम्रो मस्तिष्क भित्र नै पतञ्जलि योगसूत्र, सम्पूर्ण वेद रहेको रहस्य पत्ता लागेको छ ।

हाम्रो मस्तिष्कमा चार भाग छन् भने पतञ्जलि योगसूत्रमा पनि चार भाग नै छ । यतिसम्म त ठीकै हो तर अक्सिपिटल लोबमा ५१ वटा जाइराइ छन् त्यस्तै पतञ्जलिको पहिलो समाधिपादमा पनि ५१ वटै सूत्र छन् । मस्तिष्कमा जुन जाइराइ लामो छ त्यो सूत्र पनि त्यति नै लामो छ । मस्तिष्कको फ्रन्टल, पेराइटल र टेम्पोरल लोबमा क्रमशः ५५, ५५ र ३४ जाइराइ छन् भने त्यति नै सूत्र पतञ्जलिको दोश्रो, तेश्रो, चौथो पादमा पनि (५५, ५५, ३४) छन् । यसमाथि अझै गहिरो अध्ययन हुँदैछ ।

हाम्रो ग्रह, नक्षत्र र आकाशगङ्गाको सम्बन्ध पनि हाम्रो डी.एन.ए., हाम्रो मस्तिष्कमा पाइएका छन् । बेसल ग्याङ्गेलियासँग सौर्यप्रणालि, थालामससँग सूर्य, हाइपोथालामससँग चन्द्रमा, सबथालामससँग बुध, एमिगडालासँग मङ्गल, ग्लोबुस पलिडससँग गुरू, सब्स्टान्सिया निग्रासँग शुक्र, पुटामेनसँग शनि, न्युक्लियस कौडाटसको हेडसँग राहु र टेलसँग केतुको सम्बन्ध पाइएको रहस्य महर्षि महेश योगीका परम शिष्य डाक्टर टोनि नाडरले उल्लेख गर्नुभएको छ । आज वेद, वैदिक प्रविधि, ज्योतिष, योग इत्यादि सबै विज्ञानद्वारा पनि बराबर पुष्टि भइरहेको छ । यस्तो अमृतमय योगविद्यालाई बुझेर नेपाललाई योगराष्ट्र बनाऔं । गोरखनाथको हठयोग नेपालको हो भनेर प्रचार गर्न पछि नपरौं, नेपालमा योगको विश्वविद्यालय बनाउन ढिला भैसक्यो । सबैमा यसप्रति चिन्तन जाओस् ।❖

-पशुपति, काठमाडौं

श्रीरामकृष्ण तथा कर्मकाण्ड

–श्री महेन्द्रनाथ गुप्त श्री 'म'

श्रीरामकृष्णको सर्व-वासना त्याग । केवल भक्ति कामना

श्रीरामकृष्ण- नारदसँग रामले भन्नुभयो, "तिमी मसँग केही वर याचना गर ।" नारदले भने, "राम ! मेरा लागि अब बाँकी के रहेको छ र ? म के वर मागूँ ? तर हजुरलाई वर दिनु नै छ भने त यही वर दिनुहोस्, जसले गर्दा हजुरको चरण-कमलमा शुद्ध भक्ति होस् अनि संसारलाई मोहनी लगाउने हजुरको यस मायामा मुग्ध नहोऊँ ।" रामले भन्नुभयो, "नारद, अर्को कुनै वर लेऊ ।" नारदले भने, "हे राम ! म अरू केही चाहन्नँ । यही गरिदिनुहोस्, जसबाट हजुरको पादपद्ममा मेरो शुद्ध भक्ति लागोस् ।"



अध्यात्म रामायणमा छ, लक्ष्मणले रामसँग सोधे, "राम, हजुर कति थरी रूपमा र कति भावहरूमा रहनुहुन्छ अनि म कुन तरहले हजुरलाई चिन्न पाउँला ?" रामले भन्नुभयो, "भाइ, एउटा कुरा बुझिराख, जहाँ उर्जिता भक्ति हुन्छ, त्यहाँ म अवश्य नै हुन्छु । उर्जिता भक्ति भएपछि, भक्त हाँस्छ, रून्छ, नाच्छ, गाउँछ । यदि कसैमा यस्तो भक्ति हुन्छ भने, त निश्चय ठान्नु, ईश्वर त्यहाँ मौजुद हुनुहुन्छ । चैतन्यदेवलाई यस्तै भएको थियो ।"

भक्तगण निर्वाक् भएर सुनिरहेछन्, देववाणीसरह यी सबै कुराहरू सुनिरहेछन् । श्रीरामकृष्णको अमृतमयी वार्ता फेरि हुन लाग्यो । अब निवृत्तिमार्गका कुराहरू भइरहेछ । श्रीरामकृष्ण– (ईशानसँग) तिमी खुसामदीका कुराहरूमा नआउनु, विषयी मानिसहरूलाई देखेर खुसामद गर्नेहरू आफैं उपस्थित हुन्छन् । मरेको गोरू देखेपछि दुनियाँभरका गिद्धहरू एक-एक जम्मा हुन्छन् ।

विषयी मानिसहरूमा कुनै सार हुन्न । जस्तै गोबरको टोकरी । खुसामद गर्नेहरू आएर भन्नेछन्, "हजुर दानी हुनुहुन्छ, बडो ज्ञानी हुनुहुन्छ । यसलाई कुरै कुरा मात्रै नठान, साथमा डन्डा पनि हुन्छ ।

के हो यो ! केही संसारी ब्राह्मणहरू र पण्डितहरूलाई राखेर दिनरात बसिरहनु र तिनको खुसामद सुन्नु ।"

"संसारी मानिसहरू तीन कुराका गुलाम छन् अनि तिनीहरूमा कसरी सार रहन सक्छ ? उनीहरू बिबीका गुलाम छन्, रूपैयाँका गुलाम छन् र मालिकका गुलाम छन् । एउटा मान्छेको नाम किन लिऊँ, उसको आठ सय रूपैयाँ तलब छ, तर बिबीको यस्तो गुलाम छ कि उसैको इसारामा उठ्ने बस्ने गर्छ र !"

"अनि, नाइके हुनु र झगडा मिलाउनु आदि के जरूरत छ ? दया, परोपकार-यी सब त बहुतै गर्‍यौ । अरू सबै पनि यही गर्छन्, उनको श्रेणी अर्कै हो । तिम्रा लागि त अब यो हो कि ईश्वरको पादपद्महरूमा मन लगाऊ । उहाँलाई भेट्टाएपछि सब कुरा प्राप्त भइहाल्यो । पहिले उहाँलाई प्राप्त गर्नुपर्छ र दया, परोपकार संसारको उपकार, जीवहरूको उद्धार आदि सबै उहाँलाई पाएपछि मात्र हो । यी सबै कुराहरूको चिन्ताले तिमीलाई के काम ? अरूहरूको भार आफ्नो टाउकोमा किन लाद्छौ ?"

"तिमीलाई यही भएको हो । कोही सर्वत्यागीले यदि यसो गर, उसो गर भनेर भन्छ भने वेश हो ।

संसारीहरूको सल्लाहबाट काम पूरा हुँदैन, चाहे ऊ ब्राह्मण पण्डित होस् या अरू कोही । पागल भएर जाऊ, ईश्वरको प्रेममा पागल होऊ । मानिसहरू यही सम्झुन् कि ईशान यसबखत पागल भएको छ, अब उसले सबै काम गर्न सक्दैन भनेपछि उनीहरू तिमीलाई सरपञ्च बनाउन आउनेछैनन् । घण्टीसन्टी उठाएर फ्याँकिदेऊ । आफ्नो ईशान (शिवजीको एक नाउँ)नाम सार्थक पार ।"

"आमा, मलाई पागल बनाइदेऊ, ज्ञान-विज्ञानको अब कुनै जरूरत छैन ।" यस भावको गानाको एउटा पद ईशानले भने ।

श्रीरामकृष्ण- पागल हो या राम्रो दिमागवाला ? शिवनाथले भनेको थियो, ईश्वरको ज्यादै चिन्ता गरेपछि मानिस पागल हुन जान्छ । मैले भनेँ, "क्या हो ? चेतनको चिन्ता गरेर के कहिल्यै कोही अचेतन हुन जान्छ ? उहाँ नित्य हुनुहुन्छ, शुद्ध र बोधरूप हुनुहुन्छ । उहाँकै ज्ञानले मानिसहरूमा ज्ञान हुन्छ, उहाँकै चेतनाले सबै चैतन्य भइरहेछ ।" उसले भन्यो, "साहेबहरूलाई यस्तो भएको थियो, अधिक ईश्वर-चिन्ता गर्दा उनीहरू पागल भएका थिए ।" हुन सक्छ उनीहरू ऐहिक पदार्थमा चिन्ता गरिरहेका थिए होलान् । 'भावे ते भरलो तनु, हरलो ज्ञान ।' यहाँ जुन ज्ञान हरिने कुरा छ, त्यो बाह्य ज्ञान हो ।"

ईशान श्रीरामकृष्णका पाउ समातेर बसेका छन् र सबै कुरा सुनिरहेका छन् । उनी छिनछिनमा मन्दिरभित्रको काली मूर्तितर्फ हेर्छन् । बत्तीको आलोकमा माता मुस्कुराइरहनुभएको छ ।

ईशान (श्रीरामकृष्णकसँग)- हजुर जो कुरा गरिरहनुभएको छ, ती सबै (देवीतर्फ देखाएर) त्यहीँबाट आउँछ ।

श्रीरामकृष्ण- म यन्त्र हुँ, उहाँ यन्त्री हुनुहुन्छ, म गृह हुँ, उहाँ गृहिणी, म रथ हुँ, उहाँ रथी, उहाँले जसरी चलाउनुहुन्छ, म त्यसै गरी चल्छु, जस्तो भन्न लगाउनुहुन्छ उस्तै भन्छु । कलिकालमा अरू किसिमको देववाणी हुँदैन, परन्तु बालक वा पागलको मुखबाट देववाणी हुन्छ, देवता बोल्छन् ।

"मानिस कहिल्यै गुरू हुन सक्दैनन् । ईश्वरकै इच्छाबाटै सब कुरा भइरहेछ । महापातक, धेरै दिनको पातक, धेरै दिनदेखिको अज्ञान, सब उहाँको कृपा भएपछि क्षणभरमा मेटिन जान्छ ।"

"हजार वर्षदेखिको अँध्यारो कोठामा यदि एकाएक उज्यालो भयो भने, त्यो हजार वर्षदेखिको अँध्यारो अलि-अलि गरेर हट्छ कि एकै चोटि हटेर जान्छ ?" मानिसले यही गर्न सक्छ कि ऊ धेरै कुराहरू भन्न सक्छ । तर अन्त्यमा सबै ईश्वरकै हातमा छ ।

वकिल भन्छ, "मैले जे जति गर्नुपर्ने थियो, गरिदिएँ । अब न्यायाधीशको हातको कुरा हो ।"

"ब्रह्म निष्क्रिय हुनुहुन्छ । उहाँ जब सृष्टि, स्थिति, प्रलय आदि सबै कार्य गर्नुहुन्छ, तब उहाँलाई आदिशक्ति भन्छन् । उनै आदिशक्तिलाई प्रसन्न गर्नुपर्छ । चण्डीमा जानेका हौला कि पहिले देवताहरूले आदिशक्तिको स्तुति गरेका थिए । उहाँ प्रसन्न भएपछि विष्णुको योगनिद्रा टुट्छ ।"

ईशान- हो महाराज । मधुकैटभ वधका बखतमा देवताहरूले स्तुति गरेका छन्,

त्वं स्वाहाँ त्वं स्वधा, त्वं हि वषट्कारा स्वरात्मिका ।
सुधा त्वमक्षरे नित्या त्रिधामात्रात्मिका स्थिता ॥
अर्ध मात्रा स्थिता नित्या यानुच्चार्या विशेषतः ।
त्वमेव सन्ध्या सावित्री त्वं देवी जननी परा ॥
त्वयैतत् धार्यते विश्वं त्वयैतत् सृज्यते जगत् ।
त्वयैतत् पाल्यते देवी त्वमत्स्यन्ते च सर्बदा ॥
बिसृष्टौ सृष्टिरूपा त्वं स्थितिरूपा च पालने ।
तथा संहृतिरूपान्ते जगताऽस्य जगन्मये ॥

(मार्कण्डेयसप्तशती चण्डी)

श्रीरामकृष्ण- हो, यस्तो धारणा चाहिन्छ ।

कर्मकाण्ड कठिन छ, यसैले भक्तियोग

काली मन्दिरका अगाडि श्रीरामकृष्णलाई चारैतर्फबाट घेरेर भक्तगणहरू बसेका छन्, अहिलेसम्म निर्वाक् रहेर श्रीरामकृष्णको अमृतमय वाणी सुनिरहेका थिए ।

श्रीरामकृष्ण उठ्नुभयो । मन्दिरअगाडि मण्डप तल भूमिष्ठ हुँदै मातालाई प्रणाम गर्नुभयो ।

त्यही बेला भक्तहरूले पनि प्रणाम गरे । प्रणाम गरेपछि श्रीरामकृष्ण आफ्नो कोठातर्फ लाग्नुभयो ।

श्रीरामकृष्णले मास्टरतर्फ हेर्दै रामप्रसादको एउटा गानाको दुई चरण गाउनुभयो, त्यसको भाव यो छ, युक्ति र मुक्ति मलाई मिलिसकेको छ, किनकि काली नै एक मात्र मर्म हुनुहुन्छ, यो जानेर मैले धर्माधर्म छोडिदिएको छु ।

श्रीरामकृष्ण- धर्माधर्मको अर्थ के हो, जान्दछौ ? यहाँ धर्मको अर्थ वैदिक धर्मसँग छ । जस्तै दान, श्राद्ध, कङ्गालहरूलाई खुवाउनु आदि । यस्तै धर्मलाई कर्मकाण्ड भन्छन् । यो बाटो निकै कठिन छ ।

निष्काम कर्म गर्नु ज्यादै मुस्किल छ । यसैले भक्तिपथको आश्रय लिन भनिएको हो ।

"कसैले आफ्नो घरमा श्राद्ध गरेको थियो । धेरै

मान्छेहरूलाई खुवाएको थियो । एउटा कसाईले काट्न भनेर एउटा गाई लिएर जाँदै थियो, गाईलाई काबुमा ल्याउन नसकी धपाउँदै गइरहेको थियो ।

उसले विचार गऱ्यो, यहाँ श्राद्धको भोज खुवाइँदै छ, गएर केही खाऔँ, केही तागत बढ्नेछ अनि गाईलाई लैजान सजिलो पर्ला । उसले त्यस्तै गऱ्यो । परन्तु जब उसले गाई काट्यो, त्यो श्राद्ध खुवाउनेलाई पनि गोहत्याको पाप लाग्यो ।" यसैले भन्छु, कर्मकाण्डभन्दा भक्तिमार्ग वेश छ ।

श्रीरामकृष्ण कोठामा प्रवेश गर्दै हुनुहुन्छ, मास्टरसँगै छन् । गुनगुनाउँदै उहाँ गाउनुहुन्छ, माता, मबाट सबै थोक लैजाऊ तर मुण्डमाल र खप्परचाहिँ दिनु ।

कोठामा पुगेर उहाँ आफ्नो सानो खटियामा बस्नुभयो । अधर, किशोरी तथा अन्य भक्तहरू पनि आएर बसे ।

श्रीरामकृष्ण (भक्तहरूसँग)- ईशानलाई हेरैँ, कतै केही आएको छैन । के भन्छौ, उसले पाँच-पाँच महिनासम्म पुरश्चरण गरेको छ । कोही अर्को हुँदो हो त उसमा अर्कै कुरा आइसकेको हुन्थ्यो ।

अधर- हाम्रा अगाडि उनलाई यति कसो कुराहरू भन्न राम्रो भएन । श्रीरामकृष्ण- किन, के भयो ? उता जापक हो, ऊमाथि शब्दहरूको के असर ! केही बेरसम्म कुराकानी भएपछि श्रीरामकृष्णले अधरलाई भन्नुभयो, ईशान बडो दानी छ, अनि हेर, जपतप पनि निकै गर्छ । भक्तगण जमिनमा बसी टकटकी लगाएर श्रीरामकृष्णलाई हेरिरहेका छन् । एकाएक श्रीरामकृष्णले अधरलाई भन्नुभयो, तिमीहरूको योग र भोग दुवै छ ।" क्रमशः

अनुवादकः प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी

स्रोतः श्रीरामकृष्ण वचनामृत

श्रीरामकृष्णवचनसुधा

नेपालीमा !

श्रीरामकृष्ण परमहंसको दैनिकीमा आधारित आध्यात्मिक ज्ञानको बहुउपयोगी पुस्तक 'श्रीरामकृष्णवचनामृत'को नेपाली संस्करण श्रीरामकृष्ण वचनसुधा प्रकाशन भएको छ । पुस्तक प्राप्तिको निम्ति सम्पर्क गर्नुहोला–



श्रीरामकृष्ण आश्रम, नेपाल

ज्ञानेश्वर काठमाडौं,

मो. ९८६२५९६५७२

सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको

संरक्षणमा हातेमालो गरौं !

पृथ्वी सबैको साझा घर हो। यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं। हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं। जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं। आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं। सेवा नै सबैभन्दा ठूलो धर्म हो।

जय गौमाता !

नन्दी सेवा स्थल

मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान

फूल पसल लाइन, वनकाली, सम्पर्क: ९८०८२९७४८५, ९८४१२०४००६

दश अवतार भित्रको भूमिकामा

भगवान् विष्णु

-सहप्रा. डा. विनुबाबा अर्याल

अवतारको शाब्दिक अर्थ 'अवतरण गर्नु अर्थात् विष्णुलोक वा देवलोकबाट पृथ्वीलोक या मर्त्यलोकमा देवताहरूले प्राणी जीवन लिएर आउनु' हुन्छ । पृथ्वीमा कुनै अनिष्ट कार्य हुन गई त्यहाँका मानिसहरूमा सङ्कटको समाधान गर्नका लागि देवताले मनुष्यको जीवन लिएर पृथ्वीमा जन्मनुलाई अवतार लिनु भनिन्छ ।

अर्को शब्दमा भन्नुपर्दा देवताले मनुष्य या अन्य प्राणीको शरीरमा जन्म लिने कार्यलाई अवतार भनिन्छ । पुनर्जन्म भन्नाले मृत्युपछिको प्राणी आत्माले देवता, मनुष्य वा पशु देह मध्ये जुन देहमा जन्मन पुगे पनि आफ्नो पुण्यको भोग सकिएपछि पुनः स्वतः जन्मनुलाई बुझाउँछ भने अवतार भन्नाले पृथ्वीमा अति अनिष्ट भयो र त्यहाँ मानवको संरक्षणको आवश्यकता पर्‍यो भने उक्त कार्यको लागि आफूमा भएको दैवी शक्ति लिएर कुनै पनि प्राणीको रूपमा पृथ्वीमा जन्मनुलाई बुझाउँछ ।

पुनर्जन्म सबै प्राणीमा हुने हुनाले दिन पछि रात र रात पछि दिन भए जस्तै यसलाई नियमित प्रकृया भनिन्छ । तर अवतार चाहि विशेष परिस्थितिमा मात्र हुने हुनाले अर्थात् सङ्कट परेको समयमा मात्र हुने गरेको पाइन्छ । श्रीमद्भागवतको द्वितीय स्कन्धको सातौ अध्यायमा ब्रह्माले, भगवान् विष्णु लीला हेतु गर्नुभएका विभिन्न चौवीस अवतारको बारेमा वर्णन गर्नुभएको छ । विष्णु भगवान्ले लिएको दश अवतारहरू विशेष प्रसङ्गका छन् ।

१. **मत्स्यावतार**ः पहिलो अवतारको रूपमा मत्स्यावतारलाई मानिन्छ । ग्रन्थहरूमा उल्लेख भए अनुसार चैत शुक्ल तृतीया तिथिमा भगवान् विष्णुले मत्स्य अवतार लिनुभएको थियो । प्राचीन कालमा सृष्टिकर्ता ब्रह्माको मुखबाट शाश्वत सत्यको रूपमा प्रकट भएको वेदलाई ह्यग्रीव नामक राक्षसले हरण गरी पातालमा लगी राखेको र पृथ्वीमा प्रलय गराएर पृथ्वी नै जलमग्न गराई दिएकोले एकातिर प्राणी रक्षा गर्नुपर्ने आवश्यकता अर्कोतिर वेदको रक्षा गर्नुपर्ने वाध्यताले गर्दा भगवान् विष्णुले जलमा तैरेर जान सक्ने शक्ति माछामा हुने भएकाले माछाको अवतार लिनुभएको बताइएको छ । माछा अवतार लिई जलमा तैरिदै ह्यग्रीव भन्ने दैत्यलाई ह्यग्रीवकै स्वरूप धारण गरी संहार गर्नुभएको र ह्यग्रीवले हरण गरेर लगेको वेदलाई फर्काएर त्यसको अध्यन अध्यापन पूर्ववत सुचारू राख्न सहयोग गर्नुभयो ।

पातालमा लगेर राखेको वेदलाई खोजेर वेदको उद्धार गरेको र जलमग्न भएको पृथ्वीको पानी सुकाई वसोवास गर्न योग्य बनाएकोले भगवान् विष्णुको त्यस अवतारलाई मत्स्यावतार भनिन्छ ।

२. **कुर्मावतार**ः कुर्मको अर्थ कछुवा हो । पात्रोमा वैशाख शुक्ल पूर्णिमाका दिनलाई कुर्म जयन्तीको रूपमा उल्लेख गरिएको छ । श्रीमद्भागवत र पद्मपुराणमा उल्लेख भए अनुसार सत्ययुगमा देवता र दानवको बीचमा लडाई हुँदा देवताहरूको हार भएकोले सृष्टिकर्ता ब्रह्मा भगवान् शिवको शरणामा गई ध्यान गर्नुभयो । ध्यानबाट प्राप्त वरदान अनुसार दानवहरूका राजा बलिसँग आवश्यक परामर्श गरेर वासुकी नागको डोरी र मन्दराचल पर्वतको मदानी बनाई समुद्र मथन गर्न लाग्दा मदानीको रूपमा प्रयोग गरिएको मन्दराचल पर्वत नै समुद्रभित्र डुविदिएकोले

देवताहरूलाई ठूलो संकट पर्न गएकोले भगवान् विष्णुले कछुवाको अवतार लिएर समुद्रभित्र बसी मन्दराचल पर्वतलाई आफ्नो पिठ्युँमाथि उचालिदिनुभयो । त्यसपछि गरिएको समुद्र मथनमा पहिले हलाहल विष प्रकट भयो र त्यसलाई प्राणीमात्रको कल्याणको लागि भगवान् शिवले सेवन गरी कण्ठमा राख्नुभयो जसबाट उहाँको नाम नीलकण्ठ रह्यो ।

समुद्र मथनबाट विष उत्पन्न भएपश्चात कामधेनु गाई, उच्चश्रवा घोडा, ऐरावत हात्ती, कौस्तुव मणि, धनुष, धन्वन्तरी आदि उत्पत्ति (प्रकट) भए । भगवान् विष्णुले मोहिनी अवतार ग्रहण गरी दानवको हातको अमृतले भरिएको 'कलश' बडो युक्तिपूर्वक छिनेर देवतालाई पान गराई अमर तुल्याई विजयी बनाउनुभयो । यस प्रकारले भगवान् विष्णुले कछुवा अर्थात् कूर्मको रूप धारण गरी देवताहरूको उद्धार गरेकोले भगवान् विष्णुको त्यस अवतारलाई कूर्मावतार भनिएको हो ।

३. वराह अवतारः भगवान् विष्णुले पृथ्वीको भूभार हरण गर्नका लागि लिनु भएको अर्को अवतार 'वराह अवतार' भाद्र शुक्ल तृतीया तिथिमा लिइएको मानिन्छ । वराहको शाब्दिक अर्थ बँदेल अर्थात् जङ्गली सुँगुर हो । तैत्तरीय ब्राह्मण शतपथ ब्राह्मण तथा वराह पुराणमा वराह अवतारको विशेष वर्णन गरिएको छ ।

वर्णन अनुसार हिरण्याक्ष नामक राक्षसले तपस्याको प्रभावले अधिकार प्राप्त गरी पृथ्वीलाई जलमग्न बनाई डुबाइदिएर पातालमा पुऱ्याइदियो । यसले पृथ्वी र पृथ्वीवासीमा पर्न गएको सङ्कटलाई विचार गरेर भगवान् विष्णुले पृथ्वीको उद्धार गर्नका लागि वराहको शरीर धारण गरी महासागर भित्र पसेर हिरण्याक्ष राक्षसलाई पक्रेर मारी त्यहाँको पानी सुकाई पृथ्वीवासीको उद्धार गरेको अवतारनै वराह अवतार हो ।

४. नृसिंह अवतारः भगवान् विष्णुले वैशाख शुक्ल चतुर्दशीमा लिनुभएको चौथो अवतारलाई नृसिंह या नरसिंह अवतार भनिन्छ । नरसिंहको शाब्दिक अर्थ शिरको भाग सिंहको जस्तो र बाँकी भाग मानिसको जस्तो भन्ने हुन्छ । हिरण्यकशिपुले ब्रह्माको तपस्या गरी प्राप्त वरदानबाट स्वर्गमा पनि शासन गर्ने अधिकार लिएर स्वर्गका सम्पूर्ण देवताहरूलाई स्वर्गबाट लखेटेर आफूले राक्षसी शासन गर्न थाल्यो । दितिको कोखबाट लोक पीडक दुई भयानक दैत्यरूपी हिण्याक्ष र हिरण्यकशिपु जन्मे । कश्यपको आशीर्वाद स्वरूप दितिको पुत्र हिरण्यकशिपुकी पत्नी कयाधुबाट प्रल्हादको जन्म भयो ।

प्रल्हाद भगवान् विष्णुका अनन्य भक्त थिए । पिता हिरण्यकशिपु जो भगवान् विष्णुको कट्टर विरोधी र छोरा प्रल्हाद भगवान् विष्णुको अनन्य भक्तको बीचमा भगवान् विष्णुको विषयलाई लिएर भनाभन हुँदा हिरण्यकशिपुले कहाँ छ तेरो भगवान् विष्णु ? भनेर तरवारले त्यहाँ रहेको खम्बामा हिर्काए । सोही खम्बाबाट भगवान् विष्णुले देवता, मानव र पशु कसैसँग नमिल्ने नृसिंहवतारको रूप लिएर प्रकट भए । त्यसपछि नृसिंहवताररूपी भगवान् विष्णुले हिरण्यकशिपुलाई काखमा राखेर हातको नङ्ग्राले छातीमा चिरेर मारिदिनुभयो ।

भक्त प्रल्हाद र धर्मको उद्धार गर्नुभएकोले भगवान् विष्णुको यस अवतारलाई नृसिंहवतार भनिन्छ । प्रल्हादले गरेको नृसिंहको स्तुतिबाट पिता हिरण्यकशिपु मात्र नभएर प्रल्हादको एकाईस वंशसम्मका सन्तानहरूका कल्याण हुने आशीर्वाद प्राप्त गरे ।

५. वामन अवतारः भाद्र शुक्ल द्वादशीमा लिएको पाँचौ अवतार वामन अवतार हो । त्यस दिनलाई वामन जयन्ती पनि भनिन्छ । वामनको शाब्दिक अर्थ होचो हो । होचो कदको अवतार भएकोले यसलाई वामन अवतारको रूपमा चिनिन्छ । श्रीमद्भागवत्मा, शतपथ ब्राह्मण र वामन पुराणमा वामन अवतारको विशेष वर्णन गरिएको छ । भगवान् विष्णुले दानवबाट पृथ्वी खोसेर देवतालाई दिने उद्देश्यले यो अवतार लिएका हुन् । वामन अवतार दैत्यराजा बलिसँग सम्वन्धित छ, बलि दैत्य राजा प्रल्हादको नाति, विरोचनको छोरा र वाणसुरको पिता हो । कश्यप ऋषिकी पत्नी अदितिबाट यिनी पैदा भएका थिए ।

एकपल्ट ऋषि दुर्वासाले आफूले लगाएको माला स्वार्गाधिपति देवराज इन्द्रलाई लगाइ दिएका थिए । इन्द्रले पनि सो माला तत्काल हात्तीलाई लगाइदिएको कारणबाट दुर्वासा ऋषि रिसाएर श्राप दिए । ऋषि श्रापबाट देवराज इन्द्र श्रीविहिन हुन पुगे । त्यसै मौकाको फाइदा उठाएर बलिले इन्द्रसित समस्त देवतालाई हराएर स्वर्गको राजपाठ आफ्नो अधिनमा लिंदा दैत्यकुलको अभ्युदय हुन थाल्यो ।

त्यसपछि आमा अदितिले पुत्र इन्द्रको कल्याणको लागि पयोव्रतको थालनी गरिन् ।

दुवो पानी मात्र पिएर बस्ने व्रतलाई पयोव्रत भनिन्छ । उनको यस व्रतबाट प्रभावित भएर विष्णुले इन्द्रकै भाईको रूप लिएर अदितिकै गर्भबाट जन्म लिए । दैत्यराज बलि आफ्नी पत्नी विन्याबलीको साथ भृगुकच्छ भन्ने स्थानमा यज्ञ गरिरहेका थिए । त्यही गएर वामनले तीन पाइला जमिनको माग गरे ।

त्यस तीन पाइला जमिनमा एक पाइलाले पृथ्वी ढाकियो, दोश्रो पाइलाले स्वर्ग ढाकियो र तेश्रो पाइला राख्ने ठाउँ नभएकोले बलिले आफ्नो शिर थापिदियो । विष्णुरूपी वामनले दैत्यराज बलिको शिरमा टेक्नासाथ बलि भासिएर पातालमा पुग्यो । यसरी विना संग्राम युक्तिपूर्ण छलद्वारा वामन अवतार विष्णुले बलिलाई सपरिवार सुतलतिर पठाइ देवतालाई अपहरित स्वर्ग फिर्ता गराइदनुिभयो र आफू अन्तर्ध्यान हुनुभयो ।

६. परशुराम अवतारः वैशाख शुक्ल तृतीया अर्थात् अक्षय तृतीयामा भगवान् विष्णुले छैटौं अवतार लिनुभयो । यी परशुराम ऋषि भृगुवंशी जमदग्नि ऋषि र माता रेणुका पुत्र हुन् । उनको शुरूको नाम राम हो । शिवको उपासना गरेर परशु (बञ्चरो) आयुध वरमा प्राप्त गरेपछि हातमा सदैव परशु धारण गरेर हिड्ने हुनाले यिनको नाम परशुराम रहन गयो । ऋषि परशुराम पौराणिक युगदेखि अनन्तसम्म बाँचिरहने भनी प्रसिद्धि रहेका अष्टचिरञ्जीवी मध्येका एक हुन् ।

यिनको बारेको वर्णन अनुसार प्राचीन कालमा दैत्य कुलमा जन्मेका अर्जुन राजा भए । यिनले दत्तात्रेयका वरदानले हजार हात प्राप्त गरेपछि यी सहस्रार्जुन नामले प्रख्यात भए । एकपल्ट यी सहस्रार्जुन राजा शिकारको क्रममा जङ्गलको बीचमा ऋषि जमदग्निको आश्रममा पस्दा उनले कामधेनु गाई देखे । जसबाट ऋषिको सारा व्यवहारहरू पूरा भइरहेको थियो । यो देखेर सहस्रार्जुन राजाले त्यस गाईलाई अपहरण गरेर खोस्ने काममा लागे ।

त्यस समयमा पृथ्वीमा अति नै अत्याचार बढेर त्यहाँका ब्राह्मण, साधु तथा गाईहरू आदि वडा असुरक्षित भएका थिए । सहस्रवाहु अर्जुन राजाको अत्याचारको कारणले पृथ्वी असुरक्षित भएको हुँदा भगवान् विष्णुले जमदग्नि ऋषिकी पत्नी रेणुकाको गर्भबाट परशुरामको रूपमा अवतार लिई सहस्रवाहु क्षेत्रीय राजा अर्जुनलाई मारेर पृथ्वीमा शान्ति त ल्याए । तर परशुराम आफ्नो आश्रमबाट बाहिर गएको मौका पारी सहस्रवाहु अर्जुनका १० हजार छोराहरूले परशुरामका पिता जमदग्निलाई मारेर अर्को आतङ्क मच्चाइदिए ।

यो कुरा थाहा पाएर परशुरामले हातमा बञ्चरो लिएर पृथ्वीलाई क्षत्रीय रहित बनाउँछु भनी एकाईस पल्टसम्म भ्रमण गरी सम्पूर्ण क्षत्रिय जातिलाई नाश गरी आफ्ना पितालाई जीवित गराए । त्यसपछि यी पुनर्जिवित जमदग्नि भई अष्टचिरञ्जीवी हुन गए ।

परशुरामले आफ्नो पाप पखाल्न ठूलो यज्ञ गरे र संन्यासको लागि महेन्द्र पर्वततर्फ लागे भन्ने भनाइ छ । यिनी पनि अष्टचिरञ्जीवीमध्येका एक हुन् । त्यसैले यिनको कहिल्यै मृत्यु हुँदैन भनेर भनिएको छ । कुन्ती पुत्र कर्णले ब्राह्मण भेषमा सम्पूर्ण शस्त्रविद्या सिकेका थिए । तर पछि कर्ण क्षत्रिय हुन भन्ने थाहा पाएपछि उनलाई आफूले सिकाएको विद्या अन्तिम अवस्थामा पर्दा विस्मरण होस् भन्ने श्राप परशुरामले दिए । त्यही श्रापकै कारण अर्जुनसितको अन्तिम संघर्षको बेलामा कर्णले सम्पूर्ण शस्त्र विद्या भुलेका कारणबाट अर्जुनको बाणबाट यिनको मरण भयो ।

७. रामावतारः भगवान् विष्णुले चैत्र शुक्ल नवमीमा लिनुभएको रामावतारलाई सातौं अवतार मानिन्छ । ब्रह्माका मानसपुत्र पुलस्त्य ऋषि समाली राक्षसकी छोरीबाट जन्मेको रावणले द्वापरयुगमा स्वर्ग, मर्त्य र पाताल समेत तीनै लोकमा धेरै कष्टदायी दुःख दिएकोले सबैको उद्धार गर्नका लागि भगवान् विष्णुले अयोध्याका राजा दशरथकी रानी कौशल्याको गर्भबाट पृथ्वीमा अवतार लिनुभएको भगवान् राम हुनुहुन्छ । आफ्नी सौतेनी आमा कैकेयीले राजासँग लिएको पूर्व प्रतिज्ञा अनुसार राज्यमा आरोहण नभएर चौध वर्ष अवधिका लागि वनवास जानुभयो । रामले देवताहरू र वायुपुत्र हनुमानको सहयोगले रावणलाई मारी लोककल्याण गर्नुभयो । अन्त्यमा सीता धर्तीबाट पैदा हुनभएकीले धर्तीकै शरणमा जानुभयो । एघार वर्षसम्म अयोध्यामा शासन गरेपछि रामवतारको रूपमा गर्नुपर्ने सबै लीला समाप्त गरी भगवान् रामको साकेततर्फ प्रस्थान भयो ।

८. श्रीकृष्ण अवतारः भगवान् विष्णुले भाद्र कृष्ण अष्टमीका रात श्रीकृष्णको रूपमा लिएको अवतारलाई आठौं अवतार भनिन्छ । त्यसैले यो तिथिलाई प्रत्येक वर्ष कृष्णाष्टमीको रूपमा मनाइन्छ । द्वापर युगको अन्त्यमा मथुराका शुरसेन राजाका छोरा वसुदेवले उग्रसेनकी छोरी तथा कंशकी बहिनी देवकीलाई विवाह गरेर घर फर्कदै गर्दा, कंसले हाँकेको रथमा उहाँहरू हुनुहुन्थ्यो । रथमा हिड्दै गर्दा एकाएक आकाश वाणीमा देवकीको आठौं गर्भबाट जन्मेको सन्तानबाट तेरो मृत्यु हुन्छ भन्ने आवाज आएपछि कंशले बहिनीलाई उतिनै बेला मार्न लागेको थियो तर वसुदेवले देवकीको कोखबाट जन्मिएका सबै सन्तानलाई कंसलाई नै बुझाउने शर्त गरेपछि कंसले बहिनी र ज्वाइ वसुदेवलाई कारागारमा राख्यो । आफ्ना पिता उग्रसेनलाई पनि गद्दीबाट अपदस्त गरी जेल हालेर स्वयं आफू राजा बन्यो

कारागारमा रहँदा जन्मेका सबै सन्तान, वसुदेवले जन्म हुनासाथ प्रतिज्ञा बमोजिम कंशलाई जिम्मा लगाउँदै गए । यसरी आफूलाई सुम्पिएका प्रत्येक शिशुलाई एक एक गरी क्रुरताका साथ हत्या गर्दै गयो । यो गर्भलाई भगवान्को आज्ञानुसार योगमायाले देवकीको गर्भबाट गोकुलमा नन्दबाबाको घरमा रहेकी वसुदेवकी अर्की पत्नी रोहिणीको गर्भमा सुटुक्क सार्नेकाम (सङ्क्रमण) गरिदिइन् । यसरी देवकीबाट रोहिणीमा सारिएको गर्भबाट बलराम प्रकट हुनुभयो । गर्भ सारिएर जन्मिएकोले उहाँको अर्को नाम सङ्कर्षण हो । योगमायाले यशोदाकी पुत्रीको रूपमा भूतलमा जन्म लिइन् ।

आठौं सन्तानको रूपमा भगवान् विष्णुले देवकीको गर्भबाट अवतार लिएर रातको समयमा जन्मदा कारागार आफैं खुल्न गयो । वसुदेवले भगवान् विष्णुरूपी वालक कृष्णलाई यमुना नदीबाट पार गराएर नन्द बाबाको घरमा गएर माता यशोदाकी बालिकासँग साटेर अर्थात् आफूले कारागारबाट ल्याएको बालकलाई यशोदाकोमा छोडेर, यशेदाकहाँको बालिकालाई आफूसँग लिएर वसुदेव पुनः कारागारतर्फ फर्कनुभयो । कंशलाई छल गरेर देवकीको पुत्रलाई गोकुलमा लगेर राख्ने काम भयो । पछि अलि ठूलो भएपछि अक्रुर ऋषिका साथमा भगवान् श्रीकृष्ण मथुरामा गएर मामा कंशलाई मारेर आफ्ना माता देवकी र पिता वसुदेवलाई कारागारबाट मुक्त गराएर कंशका पिता उग्रसेनलाई नै मथुराका राजा बनाउनुभयो ।

यसरी भगवान् श्रीकृष्ण मथुरामा जन्मनुभयो । गोकुलमा हुर्कनुभयो र द्वारकामा अन्तिम दिनहरू बिताएर एक सय पच्चीस वर्षसम्म जीवित रहेर उहाँले आफ्नो देवलीला समाप्त पार्नुभयो । यी सबै उहाँकै लीलाभित्र पर्दछन् । उहाँको देह लीलाको अन्त्यसँगै कलियुगको पनि प्रारम्भ भएको मानिन्छ ।

भगवान् श्रीकृष्णका लीलामा पृथ्वीमा व्रज (वृन्दावन) मा भएका घटनाहरू केन्द्रित छन् । १४ वर्ष मथुरामा घटेका छन् बाँकी शय वर्षको लीला द्वारकामा बसाइ सरेपछि घटेका घटना छन् । उहाँको अलौकिक लीलाहरूबाट कृष्णावतारको वैशिष्ट्य दर्शाउँछ ।

९. बुद्ध अवतारः भगवान् विष्णुले पृथ्वीमा रहेका मानवहरूलाई परेको संकटबाट मुक्त गर्नका लागि लिएका दश वटा अवतारहरूमध्ये नवौं अवतार हो 'बुद्ध अवतार' । बुद्धको शाब्दिक अर्थ ज्ञानले पूर्ण भएको (Enlightent) हुन्छ । उनलाई एशियाको ज्योति (Light Of Asia) भन्ने पनि गरिन्छ । उहाँले वैशाख पूर्णिमा तिथिमा अवतार लिएर असी वर्षको उमेरमा सोही तिथिमा यस पृथ्वीबाट विदा हुनुभयो ।

भगवान् विष्णुले बुद्धका रूपमा नेपालको कपिलवस्तु राज्यका राजा शुद्धोधनकी रानी मायादेवीको गर्भबाट पृथ्वीमा अवतार लिनुभएको हो । बुद्ध दरवारको सुख, सयल, आमाबाबु, दुलही, बालक छोरा सबै छोडेर भारतका विभिन्न स्थानमा घुम्दै शान्तिको अनुसन्धानमा लाग्नुभयो । सो समयमा पूजा उपासनाका क्रममा ठूलो संख्यामा काटमार, हिंसा गर्ने प्रवृत्तिले तात्कालिक समाजमा वैदिक धर्म संस्कृतिभित्र एक किसिमको विकृतिजस्तो भित्रिएको थियो, साथै वर्णाश्रम व्यवस्थाले मानिसहरू बीच जन्मको आधारमा उँच नीचको भावना फैलिएको थियो । बुद्धले त्यसबाट मानिसलाई मुक्ति दिनु थियो । दरवार त्यागेको छ वर्षमा सिद्धार्थ गौतमलाई ज्ञान ज्योति प्राप्त भयो, आत्मवोध प्राप्त भयो । उनी बुद्ध कहलाए । बुद्धले साधना गरी पत्ता लगाएको चार ज्ञानहरूमा १. यो संसार दुःखमय छ । २. दुःख उत्पत्ति हुनाका कारण छन् । ३. दुःखको समाप्ति सुख या शान्ति हो । ४. दुःख निरोधको

उपाय छ भनौं दुःखबाट छुट्न या मुक्ति हुन सकिन्छ ।

कालान्तरमा बुद्धबाट उपदिष्ट यिनै शिक्षाहरूमा आधारित भई बौद्धधर्मको विकास भएको देखिन्छ । बुद्धका मतानुयायीहरू यथास्थितिवादी र संशोधनवादी गरी मुख्यतः दुई मार्गमा विभाजित भएका छन् ।

यथास्थितिवादीलाई हीनयान र संशोधनवादीलाई महायान नामाकरण गरिएको छ । बौद्ध धर्ममा मद्य, मांस, मैथुन आदिलाई अवैध माने पनि कतिपय समुदायले ती कुरा नअपनाई रहन सकेनन् जसको फलस्वरूप तेश्रो मार्ग खडा भयो जो बज्रयान नामले प्रसिद्ध छ ।

यसरी प्रत्येक प्राणी अर्थात् जीवप्रति प्रेम, अहिंसा र सद्भाव राख्ने सिद्धान्तको प्रतिपादन गौतम बुद्धले गर्नुभयो ।

१०. कल्की अवतारः भगवान् विष्णुको दश अवतार हरूमध्ये अन्तिम अवतार अर्थात् कलियुग सकिएपछि भविष्यमा हुने भनिएको अवतारलाई कल्कि अवतार भनिन्छ । जो कलिको अन्त्यतिर हुने भनेर शास्त्रमा बताइएको छ ।

श्रीमद्भावगतमा नारायण कवचको सन्दर्भमा कल्की शब्दको प्रयोग भएको पाइन्छ । त्यहाँ इन्द्रलाई नारायण कवच प्रदान गर्ने क्रममा त्वष्टापुत्र विश्वरूपले 'कल्किः कलेः काल, मलात्, प्रयातु धर्मनायोरुकताबतादः भनेर धर्म रक्षार्थ अवतीर्ण हुने कल्कि भगवान्ले काल कल्मष (पाप) बाट संरक्षण प्रदान गरून् भन्ने कुरा व्यक्त गरेका छन् ।

कलियुगको अन्त्यमा धर्म, सत्य, पवित्रता, क्षमा, दया, आयु आदि नाश हुँदै जानेछन् । जब धर्तीमा पापाचार र दुराचारले सीमा नाघ्दछ, वर्णाश्रम धर्म, वेद मार्ग नष्ट हुन्छ, पाखण्ड धर्मको विगविगी हुन्छ, जताततै पापै पापले गर्दा हाहाकार हुन थाल्दछ तव भगवान् विष्णुले एक 'शम्भल' भन्ने गाउँमा 'विष्णुयश' नाम गरेका ब्राह्मणको घरमा गएर उनको पुत्र भएर कल्किको प्रादुर्भाव हुनेछ । यसरी अवतीर्ण हुने कल्कि हातमा तरवार (खड्ग) लिएर घोडामा चढी दुष्ट आसुरी स्वभावका जीव नष्ट गर्दै साधु र सज्जनको पोषण र संरक्षण गरी समाजमा शान्ति सुव्यवस्था, सद्भाव, धर्म कायम गर्ने हुनाले सत्ययुगको प्रारम्भलाई सबै प्राणीले अपार सुखको अनुभव गर्ने छन् भनिएको छ । यही नै वैदिक हिन्दु धर्मको समय चक्रको परिभाषा हो । पहिचान र विश्वास हो ।

मानव समाजका व्यक्ति व्यक्तिमा र घर घरमा अभ्यास गरिने स्वअनुशासन संस्कारले सहज रूपमा शासित बनाउन सक्छ । त्यस्तो स्वअनुशासन र संस्कारमा आधारित शासन प्रणाली दिगो हुन्छ । दण्ड र बलका भरमा गरिने शासन अल्पकालीन हुन्छ । त्यसैले एउटा शासन पद्धति

वा मानवीय प्रणालीलाई असल संस्कारको धरातलमा दिगो बनाउनु पर्छ भन्ने भगवान् विष्णुको मूल सन्देश हो ।

भगवान् विष्णु सधैं सतर्क रहनु हुन्छ । उहाँको दृष्टि सबैतिर लागिरहेको हुन्छ । ताकि कुनै नियम अव्यवस्थित नहोस् । सनातन नियमको पालन भइरहोस् । यो नै विष्णुको धर्म हो । जब यो नियमहरूमा हेरफेर हुन्छ तव पृथ्वीको सन्तुलन बिग्रन्छ । यसैलाई बिग्रनबाट बचाएर पुनः आफ्नो स्थानमा ल्याउनको लागि विष्णु भगवान्ले भिन्न भिन्न रूपहरूमा अवतार धारण गर्नुहुन्छ । त्यही नै विष्णु धर्म हो । जो प्राणी यस सन्तुलनलाई स्थिर राख्नको लागि प्रयत्नशील रहन्छ । उही नै सच्चा विष्णु भक्त हो ।

ॐ नमो भगवते वासुदेवाय ।

यदा यदा हि धर्मस्य ग्लानिः भवति भारत
अभ्यत्थानम् धर्मस्य तदाआत्मनं सृजामि अहम् ।
परित्राणाय साधुनां विनाशाय च दुष्कृताम्
धर्म संस्थापनार्थय सम्भवामि युगे युगे ॥ (गीता ४/७-८)

जुन वेला पृथ्वीमा धर्मको पतन भएर अधर्मको उत्थान हुन्छ, साधुको संरक्षण गर्न र दुराचारी नष्ट गर्न भगवान् नयाँ मानव अवतार लिएर पृथ्वीमा आइरहने छन् ।❖

सन्दर्भ सामग्री
१. श्रीमद्भगवद्गीता, साधक संजीवनी (हिन्दी) रामसुखदास
२. श्रीमद्भागवत महापुराण
३. पूर्वीय दर्शनको पुनर्व्याख्या- डा. प्रमोद ढकाल
४. हिन्दु संस्कृतिको परिशीलन- मदनमणि दीक्षित
५. विष्णु पुराण ।

-बत्तीसपुतली, काठमाडौं

असुर–परिचय

प्रा.डा. ऋषिराम पोखरेल

सकिन्छ भन्न कसरी यो हो असुर नै भनी ?
जान्ने इच्छा भए जाँच चरित्र उसको तिमी ॥१॥

चरित्रैले जानिइन्छ सुर वा असुरै भनी ।
तस्मात् देऊ सधैं ध्यान चरित्र शुद्धिमा तिमी ॥२॥

अथवा पढ आफैंले इतिहास पुराणको ।
सुर को हो असुर को ? आफैं बुझ्छौ सबै कुरो ॥३॥

हिरण्यकशिपू भन्ने थियो असुर एउटा ।
हेरौ चरित्र उसको भन्छ के गर्छ के कुरा ॥४॥

छोरा यौटा थियो उस्को प्रह्लाद नामको उ ता ।
भज्थ्यो श्रीहरिकै नाम दुःख हर्छन् भनी सदा ॥५॥

पाप हर्छन् श्रीहरिले दुष्ट चित्त भए पनि ।
जसरी पोल्छ आगोले झुक्किएर छुँदा पनि ॥६॥

हिरण्याक्ष भाइ थियो अति दुष्ट कुनै दिन ।
पृथिवीको सबै वस्ति डुबाउने लियो मन ॥७॥

पानी जमेर सो वस्ति डुबाउँदा सबै जन ।
अन्न खेती गर्न बस्न न पाएर अनेकन ॥८॥

भजेर हरिको नाम उनीहरू प्रतिक्षण ।
ज्यान हाम्रो बचाऊ हे हरि भन्थे सबै जन ॥९॥

जनताको दुःख देखी हरिले ती सबैकन ।
रक्षा गरी गास बास जोगाउन भनीकन ॥१०॥

वराहको रूप लिई तुच्छ बन्नु परे पनि ।
हिरण्याक्षकनै मारी गरे रक्षा सबै अनि ॥११॥

भाइ मार्‍या विष्णुसँग बदला लिन्छु है भनी ।
हिंड्थ्यो हिरण्यकशिपू विरोधी हरिको बनी ॥१२॥

प्रह्लादले हरि सधैं भज्दै हिड्ने गरे पनि ।
हरिले नै मारिदियो तेरो काका भने तँ नि ॥१३॥

किन भज्छन् त्यो हरिको नाम के गर्छ त्यो भनी ।
प्रह्लादलाई भन्थ्यो त्यो हिरण्यकशिपू अनि ॥१४॥

प्रह्लाद भन्थे हरि हुन् विश्वव्यापक ईश्वर ।
दुःख हर्छन् हरि भनी शास्त्र भन्छन् सबैतिर ॥१५॥

हेर्नोस् उन्का काम नाम सर्वत्र छ प्रसिद्ध नै ।
हे पिता हरिले गर्छन् सबै रक्षण नित्य नै ॥१६॥

त्यो सुनेर रिसाएर अब यस्लाई मार्छु म ।
भन्दै धेरै गर्‍यो यत्न सकेन मार्न ती कन ॥१७॥

यत्न जाने जति गर्‍यो काट्यो तर्वारले तनै ।
शस्त्र अस्त्र तथा हात्ती लाई कुल्त्याइयो भनै ॥१८॥

भीरबाट खसालेर मार्ने कोशीस खुब गर्‍यो ।
डुवायो पोखरीमा र विष-पान गराइयो ॥१९॥

सयौ उपायले उल्ले प्रह्लाद मार्न खोजिए ।
बचाए नित्य हरिले प्रल्हाद ता बची रहे ॥२०॥

ती ती कुरा हरि बनी काखमा झै धरी रहे ।
त्यसो गर्दा वचे भक्त दुष्ट चाहीं छकै परे ॥२१॥

अब आजित भै दैत्य गुरूका आश्रमै तिर ।
पठायो पढ्नका निम्ति आसुरी भाव खातिर ॥२२॥

प्रह्लादले गुरूकहाँ जति शिष्य थिए सबै ।
जम्मा पारी भज हरि भन्ने शिक्षा दिए सधैं ॥२३॥

हैरान् भै दैत्यगुरू शुक्राचार्य स्वयं पनि ।
गर्थे प्रयत्न हरिको नाम यो न जपोस् भनि ॥२४॥

तथापि न सकी फेरि ल्याए शिक्षा दिए अरू ।
तर प्रह्लादले जप्थे हरिकै नाम पो बरू ॥२५॥

भन्थ्यो हिरण्यकशिपू विष्णुको आड जो छ सो ।
यज्ञ, पूजा, साधु, सन्त, गाई ब्राह्मण आदि हो ॥२६॥

यी नैका आडमा बस्छ हरि ती नाश पार्दछु ।
यज्ञ नाशे मर्छ हरि गाई ब्राह्मण मार्दछु ॥२७॥

भन्ने सोची दियो आज्ञा दैत्य सेनाहरू सबै ।
लागे गाई साधुसन्त मार्न ब्राह्मण ती सधैं ॥२८॥

दैत्य सेना घुम्न थाले हरिनाम मिटाउँदै ।
घुमी सर्वत्र हिंसा र मारकाट गराउँदै ॥२९॥

दिने लिने यज्ञ रूप कार्य ती नगरी कतै ।
विश्व चल्दैन यो सत्य मान्दथे जनता सबै ॥३०॥

तस्मात् यज्ञ प्याकता मेटिएन कसैगरी ।
दान मान र सम्मानै नगरे चल्छ केगरी ॥३१॥

प्रयत्न व्यर्थ भो आफ्नो हरि मार्ने हरे भनी ।
सबै रीस उनै भक्त प्रह्लाद माथि नै पनि ॥३२॥

थुपारेर भन्छ दुष्य हिरण्यकशिपू तब ।
सर्वव्यापक हो तेरो विष्णु भन्थिस् अघी अब ॥३३॥

देखा त्यो यो स्फटिकको खम्बामा हरि लौ अब ।
नभ मार्छु तँलाई नै भनी तर्वार ली तब ॥३४॥

खम्बालाई हानि दियो देखियोस् हरि लौ यहीं ।
फुट्यो स्फटिकको खम्बा जन्मे नृंसिंह नै तहीं ॥३५॥

पक्री मूसा विरालोले खेलाए झैं गरी हरि ।
हिरण्यकशिपूलाई पक्रिएर त्यही घरि ॥३६॥

खेलाउँदै साँझ पारी द्वारका बीचमा लगी ।
नंग्राद्वारा भुँडिचिरी आन्द्रा माला सरी गरि ॥३७॥

लगाएर अटहास गर्न थाले नृसिंह जी ।
धर्ती कामिन् सबै प्राणी डराए देवता पनि ॥३८॥

ब्रह्मा इन्द्रादिले धेरै गरे स्तुति तथापि ती
गर्जी रहे स्वयं लक्ष्मी डराइ दूर मै रहीन् ॥३९॥

तब ब्रह्मा अधि सरी प्रह्लाद सँग भन्दछन् ।
जाऊ बाबु तिमी नै छौ प्यारा श्रीहरि जान्दछन् ॥४०॥

सरी अगि स्तुति गर्न लागे प्रह्लादले तब ।
काखमाथि लिई भक्त प्रह्लादलाई ती अब ॥४१॥

भन्न लागे तिमीदेखि खुशी छु माग लौ वर ।
तब प्रह्लादले मागे क्षमा होस् ती पिता कन ॥४२॥

सधैं भक्त म भै राखौं कामना सब नष्ट हुन् ।
तब हाँसी भन्नुहुन्छ तिम्रा पुर्खा सबै तरून् ॥४३॥

भक्त रक्षा गरी दुष्टहरूको नाश गर्नु नै ।
मेरो कर्तव्य हो मेरा भक्त दुःखी न हुन् कुनै ॥४४॥

मेरा भक्तहरू माथि अत्याचार गरी सधैं ।
अजम्मरी म ता ब्रह्म वरबाट भए कुनै ॥४५॥

दिन रात, ब्रह्म सृष्टि, शस्त्र अस्त्र कुनै पनि ।
मृत्यु मेरो हेतु बन्न सक्ने छैन कबै भनी ॥४६॥

सर्वत्र धन सम्पत्ति शक्ति सञ्चय गर्न मैं ।
मरी मेट्ने दुष्ट दैत्य हिरण्यकशिपू समै ॥४७॥

सुर बुद्धि दिने खाने सहयोगी बनी सदा ।
सद्जीवन अस्तित्व जोगाउन भुली पुरा ॥४८॥

म खाउँ राज म गरौं मरून् दुर्वल ती सबै ।
भन्ने असुर छन् नित्य संहार तिनकै सधैं ॥४९॥

म गर्ने छु भनी आफैं नृसिंह शान्त बन्नु भो ।
तसर्थ बुझ्नुहोस् आफैं सुर वा असुरै छ को ?५०

यदि आफू सुर बनी दिने खाने सघाउने ।
सद्जीवनका मार्ग पक्री लाग्ने लगाउने ॥५१॥

बन्नुहोस् न ता पक्कै असुरै भन्नु पर्दछ ।
चरित्र आसुरीरैको जो गर्छ त्यो नष्ट बन्दछ ॥५२॥❖

-सुन्दरीजल, काठमाडौं

नेपाली को हुन् ?

-हरिप्रसाद सोडारी

वैदिक सनातनधर्मका अनुयायी, वेदलाई प्रमुख शास्त्र मान्ने, पुराण आदिलाई मुख्य ग्रन्थ ठान्ने, तेत्तीसकोटी देवीदेवता, चौध लोक, चार युग, त्रिदेवता, पुनर्जन्ममाथि विश्वास गर्ने आर्यहरूलाई हिन्दु भनिन्छ । युगानुकूल आफूलाई संस्कारित, शिक्षित, गतिशील बनाउने ईश्वरमाथि विश्वास, ईश्वरीय संरचनाप्रति श्रद्धा गर्ने, ॐकार परिवारको मुख्य शाखालाई हिन्दु भनियो । सिन्धुबाट आएका नभई हिमालय र हिमनदीले चर्चेको क्षेत्रमा बस्ने हिन्दु हुन् जसले सनातन धर्म मान्दछन् ।

हिन्दुहरू कति पुराना हुन् भन्ने सम्बन्धमा विद्वान् हरूबीचमा मतैक्य छैन । ब्रह्माजीको मानससृष्टि मानसरोवर वरपरबाट पहिलोपटक शुरू भयो । हिमाल र पहाडको शिखरबाट, गुफा र नदी किनाराबाट मानवहरूले सनातनधर्म र वैदिक संस्कृतिको बिगुल फुके । हाम्रा पुर्खाहरू अफ्रिकाबाट आएका डुलुवा, सिन्धुघाँटीका बासिन्दा, हिन्दकुशबाट हिँडेका जत्था होइनन् । हाम्रा शास्त्रले प्राचीन कालदेखि नेपालमा बस्दै आएका आचार, विचार र संस्कारमा पक्का, नैतिकवान, मन्त्रद्रष्टा ऋषिमुनिहरूका सन्ततिलाई हिन्दु भनेका छन् । पाणिनिको धातुपाठअनुसार हिडि धातुबाट हिन्दु शब्द बन्दछ । पाणिनि कहाँ र कुन शताब्दीका थिए, त्यो खोजको विषय छ । केही विद्वान्हरूले पाणिनिको जन्मभूमि अर्घाखाँची जिल्लाको पणेना गाउँ बताएका छन् ।

हाम्रा शास्त्र, ग्रन्थ, भूगोल, जीवनशैली, संस्कृति आदिले हिन्दुहरू आर्यावर्तका सन्तति भएको बुझाउँछ । हिन्दुहरू हिमालयका सन्तान, पहाडका बासिन्दा, नदीकिनारका तपस्वी, तराईका किसान हुन् । मानसरोवर, कालीकोटको मान्मा, मनाङदेखि गोरखाको मनास्लु हिमालसम्म मनुको साधनास्थल थियो । सत्ययुगमा महादेवले पाशुपतक्षेत्रमा किरातरूप लिए । ब्रह्माजीका नाति विश्रवाले गोकर्णमा साधना गरे । त्रेतायुगमा राजा जनकको ज्ञान प्रचार क्षेत्र, द्वापरयुगमा अर्जुनको साधनास्थल, कलियुगमा गौतम बुद्धको जन्म नेपाल भूमिमा भयो । रावणदेखि वाल्मीकिसम्म, बाणासुरदेखि गोरखनाथसम्म, परशुरामदेखि मञ्जुश्रीसम्मले यही भूमिलाई आश्रयस्थल बनाए । पार्वती, गार्गी, सीता, भृकुटी आदि यही भूमिका उपज हुन् । सृष्टिको उषाकालदेखि हजारौँ यस्ता देवीदेवता, ऋषिमुनि, महापुरूष आदिले यो भूमिलाई जन्म र कर्मस्थल बनाएका प्रमाण शास्त्रमा सर्वत्र पाइन्छन् । आदिमकालदेखि नेपालमा देवीदेवता, ऋषिमुनिका सन्ततिबाहेक अरूको बसोबासै थिएन । नेपालका विभिन्न गुफा, नदी किनारा, उपत्यका आदिमा फेला परेका मानव हड्डी रामापिथेकस, नियन्डरथल आदिको होइन ऋषिमुनि र महापुरूषहरूका कंकाल हुन् । सृष्टिको दोस्रो परार्धको कलियुगसम्म आइपुग्दा मानिस उत्पत्ति भएको कैयौँ अर्ब वर्ष बितिसकेका छन् । नाक र अनुहारको आधारमा डलर कमाउन, राजनीतिक स्वार्थ पूरा गर्न लागेकाहरूले इतिहास बुझेर पुर्खामाथि गौरव र गर्व गरून् ।

नेपालमा बस्दै आएका किरात, ब्राह्मण, दलित, आदिबासी सबै हिन्दु हुन् । तिनीहरूका परम्परा, जीवनशैली, संस्कृतिमा समानता छ । कुलपूजादेखि पर्वसम्म कतै भेद देखिन्न । मठमन्दिर र माटो एउटै, घर र गोठ उस्तै तर भाषा र अनुहारमात्र फरक हुँदा पुर्खामा भिन्नता हुन्छ र ? घर झगडा भयो भन्दैमा आमाबुबा छोड्न, भाइबहिनी साट्न मिल्छ र ? किरातहरूले पारूहाङ र हिन्दुहरूले महादेवलाई पूज्नु एउटै हुन् । किरातहरूले पूज्ने सुम्निमा र हिन्दुहरूले पूज्ने जगन्माता पार्वतीमा के र कहाँ अन्तर छ ? किरात, लिच्छवि र मल्लले शासन गर्दा ब्राह्मणहरूले माला जपेर, वेद र मुन्धुम पढेर, त्रिपिटकलाई अध्ययन गरेर

विद्या परम्परालाई सुरक्षित गरेका थिए । क्षत्रियले त्रिशूल, भाला, बन्दूक र ढुङ्गाले सीमा रक्षा गरे । वैश्यले सुन, नुन र ऊनको प्रबन्ध गरे । शूद्रले सेवा र उद्धारमा समर्पित भए । यो शिक्षा, संस्कार, सद्भाव, सहयोग र समन्वयको पाठ हामीलाई चिम्पाञ्जीले सिकाएको होइन ।

नेपालका प्रत्येक पत्थरहरूमा शिवको बास छ, प्रत्येक नदी र जलप्रवाहहरूमा विष्णुको निबास छ, प्रत्येक फूलहरूमा ब्रह्माको तपस्यास्थल छ, प्रत्येक पहाडमा दुर्गाको सुवास छ । यो शाक्त भूमि, शैव भूमि हो, किरात भूमि हो, आर्य भूमि हो, साधना भूमि हो, वैदिक सनातनधर्मले पवित्रतम बनेको भूमि हो । वेद, त्रिपिटक र मुन्धुम यही भूमिमा जन्मियो । पशुपतिको निबासस्थल, महादेवले नाचेको भूमि[1], सीताले शिवधनुष उचालेको स्थल पनि नेपालै हो । व्याकरणका चौध सूत्र[2], सनकादि ऋषिहरूको सिद्धस्थल मकवानपुर जिल्लाको महादेव गा.वि.स.मा पर्छ, स्थानीयहरूले त्यसलाई नटारमेश्वर (लटरम्मेश्वर) भन्दछन् । यही स्थलमा महादेवले तण्डु ऋषिलाई ताण्डव नृत्य सिकाउनुभयो । ललितपुरको गोटीखेलमाथिको पर्वतमा रहेका कालेश्वर शिवलिङ्गमा यमराज आएर तपस्या गरे । मकवानपुरको पालुङनजिकै पाण्डुकेश्वर शिवलिङ्गमा पाण्डवहरूले पूजे । भक्तपुरको वाल्मीकीश्वर शिवलिङ्गलाई वाल्मीकिले स्थापना गरे । वाल्मीकिले नवलपरासीको भैँसालोटनमा आश्रम बनाएर सीताका पुत्रहरू लव र कुशलाई शिक्षा–दीक्षा दिए ।

नुवाकोटको कपिलासमा राक्षसराज रावणले राक्षसेश्वर शिवलिङ्ग स्थापना गरे । असित ऋषिले गौतम बुद्धलाई बत्तीस लक्षणले युक्त देखेपछि नारायणकै अंश हुन् भनेका थिए ।[3] असित ऋषिले स्थापना गरेको असितेश्वर शिवलिङ्ग धादिङ जिल्लाको महादेवबेसीमा पर्दछ । महर्षि उद्दालकले उपासना गरेको उद्दालकेश्वर शिवलिङ्ग दक्षिणकाली मन्दिरनजिकै फाँटमा अवशेषका रूपमा देख्न पाइन्छ । यी तथ्यहरूबाट प्राचीन कालदेखि नेपालमा बसेर देवीदेवता र ऋषिमुनिहरूले शिव र शक्तिको साधना, उपासना, पूजा गरेको पुष्टि हुन्छ । आज जुन जात, थर, वर्ग र वर्णका मानिस नेपालमा छौँ ती सबै उनीहरूकै सन्तान हुन् । देवीदेवताका अंश, ऋषिका सन्तानहरूलाई जनजाति गुट, आदिबासीका उपगुट एवम् दलितका झुण्डमा विभाजित गराई लुछाचुडी गर्नु न त धर्म हो, न त कर्तव्य हो । साँचो इतिहास बुझेर भाइचारामा रमाउनु नै हाम्रो जिम्मेवारी हो ।

अनादिकालदेखि नेपालका पहाडी र हिमालीक्षेत्रमा राक्षस, ऋषि र देवीदेवताको साधनास्थल थियो भन्ने तथ्य यहाँको पञ्चतत्त्वले बताउँछ । जस्तै कुम्भकर्णले तपस्या गरेको हिमालको नाम कुम्भकर्ण हिमाल भयो । धादिङ्ग जिल्लामा रहेको गणेश हिमाल पार्वतीका पुत्र गणेशको तपस्थल थियो । दोलखा जिल्लाको गौरीशंकर हिमाल नै महादेव र पार्वतीको निबासस्थल, विश्वामित्रको साधनास्थल भएकाले आरोहणका लागि सरकारले प्रतिबन्ध लगाएको छ । गौरीशंकरकै देशान्तर रेखालाई आधार मानेर नेपालको स्टाण्डर समय निर्धारण गरिएको छ । संखुवासभा जिल्लाको सभापोखरीमा देवीदेवता र ऋषिमुनिहरूको सभा हुन्थ्यो । गोरखा जिल्ला देवर्षि नारदको साधनास्थल नभए कसरी नारद पोखरी यहाँ रहन्थ्यो ? गोरखा र लमजुङको साँधमा पर्ने दूधपोखरीको निकासबाट चेपे नदी बहन्छिन् । जहाँ द्रव्य शाह र नरहरि शाहलाई उनकी आमाले दूधको अपमान नगर्नु भनी दूध बगाएर गोरखा र लमजुङको विवाद अन्त्य गर्न सिमाना छुट्ट्याएकी थिइन् । चेपेको उत्पत्तिस्थल दूधपोखरीनजिकै च्यवन ऋषिको गुफा छ । तनहुँ जिल्लाको दमौलीमा पराशर एवम् व्यास गुफा छ । जसलाई संरक्षण, संवर्द्धन, प्रचारप्रसार र सदुपयोग गर्न सकेका छैनौँ ।

पाल्पाको माडीलाई माण्डव्य ऋषिको जन्मभूमि र तपोभूमि मानिन्छ । मुद्‌गल ऋषिको आश्रम मुग्लिनको डाँडामा थियो । गुल्मीको रेसुङ्गालाई श्रृङ्ग ऋषिले, कालीञ्चोक र कञ्चनजङ्घालाई दुर्गाले, सीताले जनकपुरलाई, अर्घाखाँची जिल्लाको पीपलथोकलाई दुर्बासा ऋषिले, अरूण नदीमा अरूण, वरूण नदीको किनारमा वरूण एवम् कौशीकीको पावन तटमा कुशिकले साधना स्थल बनाए । ब्रह्माले समान हैशियतमा चार जात बनाए तर पश्चिमाले यसैमा विष मिसाई हामीलाई फुटाए । अरूले टुटाउँदैमा हामी टुक्रिन हुँदैन, भाँचिन हुँदैन । नेपालीले इतिहासलाई बुझ्दै, पुर्खाको गौरवमा गर्व गर्दै एकाकार हुनुपर्छ, लुप्त प्रमाणलाई खोज्नुपर्छ, गुप्त ज्ञानलाई उजागर गर्नुपर्छ । आदिमकालदेखि नेपालका विभिन्न जंगल र

कन्दरामा ज्ञानले भरिपूर्ण, विज्ञानले सम्पन्न महामना बस्दथे । उनीहरू जात, भातले विभाजित होइन विवेक र विकाशले सम्पन्न भई गोलबन्ध थिए ।

ऋषिमुनिहरूले 'जहाँ जङ्गल उहीँ मङ्गल भन्ने सूत्रलाई शिरोधार्य गर्दथे । उनीहरूलाई घरमा बसेर, सडकमा आसन कसेर योग, ध्यान, ज्ञान, ब्रह्मचिन्तन हुँदैन भन्ने थाहा थियो । पश्चिमा वैज्ञानिकहरूले प्राचीन कालका मानवहरू अशिक्षित, असभ्य, अज्ञानी थिए भनी गलत र भ्रमपूर्ण प्रचार गर्दैछन् । आर्यावर्तबाहेकका महादेशमा मानिसहरू जङ्गली, असभ्य वा बाँदर हुन सक्लान् तर यहाँका होइनन् । हाम्रा पुर्खाले पुष्पक विमान[४], इन्द्रको सभाभवन, त्रिपुर शहर[५], युधिष्ठिरको सभाभवन, कृष्णको द्वारकापुरी, तक्षशिला-नालन्दा-बलभि-विक्रमशिला आदि विश्वविद्यालय निर्माण गरेका थिए । विश्वकर्मा, नल, निल, मयलगायतका इन्जिनियरहरू थिए । वेदको सङ्कलन, पुराणको लेखन, योगको अभ्यास, नृत्यको प्रशिक्षण, यन्त्रको आविष्कार गर्ने पुर्खालाई कसरी बाँदर थिए भन्न सकिएला ? विश्वसमाजलाई ज्ञानको ज्योति बाँड्ने आर्य थिए, किरात थिए, ऋषि थिए । पौरस्त्य (पूर्वीय) विज्ञानले मानिसका जन्मदाता ब्रह्मा, ऋषिमुनि, देवता भएको पुष्टि गर्छ । आफ्नो इतिहास र शास्त्र नहेरी पश्चिमाहरूको लहै-लहैमा लागेर हाम्रा पुर्खाका केही सन्तान अहिले क्षणिक स्वार्थका लागि कोही अमिबाका छोराछोरी हुनमा आनन्द मान्ने, कोही बाँदरका सन्तान बन्नमा गौरव ठान्ने, अर्काथरि चिम्पाञ्जीको वंशज भएकोमा गर्व गर्ने, केही रामापिथेकसका पुत्रपुत्री हुनमा उद्दत हुने क्रम बढ्दो छ । यसकै दुष्परिणामले एउटै पुर्खाका सन्तान कोही जनजाति, कोही जाति, कोही आदिबासीको पगरी गुथेर ठाडो शिर बनाउन खोज्दै छन् । कोही धमिलो पानीमा भ्यागुतो समातेर माछो भनी रमाउँदैछन् ।

यस क्षेत्रका बाँदर (हनुमान्) पनि ज्ञानका मर्मज्ञ थिए, भालु (जम्बवान्) त्रिकालदर्शी थिए, साँढे (नन्दी)हरू परमतत्त्व ज्ञानी थिए, बाघहरू नृसिंह बनेर दैत्यलाई मार्थे, माछाहरूले वेदलाई जोगाउँथे, कछुवाहरूले पृथ्वीलाई डुब्नबाट बचाउँथे । मर्यादा पुरूष रामले सवरीको जुठो बयरलाई सम्मान गरे । गरिब (सुदामा) र सम्पन्न (कृष्ण) बीच मित्रता थियो । उपनिवेश फैलाउने, अन्य देशको प्राकृतिक स्रोत र साधनलाई आफ्नो हातमा लिने बाँदरेकाम हाम्रा पुर्खा र हामीले गरेनौँ । पश्चिमाले धर्म र राजनीतिका तानावानामा अरूको अर्थ एवम् अस्मिता उडाए । उनीहरूको बम संस्कृति, हाम्रो मन्त्र संस्कृति भएकाले पुर्खा फरक हुनु स्वाभाविकै हो । त्यसैले हिन्दुहरू सभ्य संस्कार र असल संस्कृतिका धनी, प्रकृतिका पूजक, अहिंसावादी, वेदका अनुयायी भएको प्रष्टै हुन्छ । पुर्खाहरू जाति र जनजातिका कित्तामा होइन एकतामा एक ढिक्का थिए । हामीलाई टुटाउन, फुटाउन, भुक्याउन अहिले जाति र जनजातिको परिभाषा यसरी गरिएको छ- "हिन्दुधर्मबाट निर्देशित, वर्ण व्यवस्थामा आधारित, मानिसलाई ब्राह्मण, क्षत्री, वैश्य, शूद्रमा विभाजन गरिएको व्यवस्था नै जात हो । हिन्दुधर्मभित्र नपर्ने आफ्नै मौलिक भाषा, धर्म, संस्कृति, कला, रीतिरिवाज भएका जसको लिखित वा अलिखित इतिहास छ, तिनीहरूलाई जनजाति भनिन्छ ।" यस्ता परिभाषाले परीक्षा पास गराउँछ, डलर कमाउँछ, हामीलाई झगडा गराउँछ ।

सं गच्छध्वं सं वदध्वं सं वो मनांसि जानताम् ।
देवा भागं यथा पूर्वे संजानाना उपासते ॥ –ऋग्वेद (१०।१९०।२)

अर्थात्, "मिलेर हिँड, मिलेर बोल । तिमीहरूको मनको भाव समान होस् । जसरी पहिले देवताहरू मिलेर आआफ्नो भाग (हवि) ग्रहण गर्दथे, त्यस्तै तिमीहरू पनि मिलेर आफ्नो धन स्वीकार गर ।" नेपालीमाथि जातिवादको खाँडो जगाएर, आदिबासीको डढेलो लगाएर विदेशीले नेपालबाट के के लुट्दै छन् बुझ्न आवश्यक छ । आफ्नी आमालाई नमस्कार, अर्काकी आमालाई ढोग्ने कृतघ्नहरूको जमात बढ्दोछ । 'जन'को अर्थ मानिस र 'जाति'को अर्थ समूह हुन्छ अर्थात् मानिसहरूको समूहलाई जनजाति भनिन्छ । छोटो कद, थेप्चो नाक, चेप्टो अनुहार भएका मानिस समूहमा पर्छन् भने बाहुन र क्षत्रीहरूलाई कुन जातिमा राख्ने ? शब्दजालमा हामी कसरी फसेका छौँ बुझ्न र सोच्न आवश्यक छ । शब्दको अर्थै नबुझ्दा दीर्घकालसम्म राष्ट्र/समाज द्वन्द्वको दलदलमा फस्छ । जस्तै मतवाली भनेर मादक पदार्थ सेवन गर्नेलाई बुझ्न थालिएको छ । मतको अर्थ भोट हुन्छ । मतवाला भनेको जनप्रतिनिधिलाई भोट दिनेवाला हुन्छ । मादक पदार्थ सेवन गर्नेलाई मतवाला होइन मदवाला वा मदवाली भन्नुपर्छ । बालिग मताधिकार

भएका सबै नेपाली मतवाली हुन् ।

चाँगुनारायणको शिलालेखअनुसार 'राजा मानदेवलाई धर्मदेवको मृत्युपछि सामन्तहरूले दुःख दिन थाले । देशम्प्रीतमनास्तदा खलु धनम्प्रादाद्विजेभ्योक्षयम् भनी उनीहरूलाई मानदेवले जितेपछि रूद्री पढाएर ब्राह्माहरूलाई दक्षिणा दिएका थिए । मानदेवले क्षत्रिय धर्मअनुसार शासन चलाएको बताएका छन् । वि. सं. ५२१ अघिदेखि काठमाडौँ खाल्डोमा ब्राह्मण, क्षत्रीलगायतका चारै वर्णका मानिस थिए भने उनीहरू आदिबासी हुन कि ? शरणार्थी हुन् कि ? जाति हुन् ? चिन्तन गर्न आवश्यक छ ।

सं. ४५२ को ललितपुरस्थित खपिञ्छेंको शिलालेखमा ब्राह्मणध्रुवसेनेन, मानगृहबाट सं. ४८२ मा जारी गरिएको दुईवटा शिलालेखमा ब्राह्मणको चर्चा छ, देवपाटनको सं. ६९ को शिलालेख, नक्साल भगवतीवहालको सं. ७८ को अभिलेख, कैलाशकुटभवनबाट सं ८३ मा जागरिएको अभिलेख, चपलीगाउँको सं. ४८९ को शिलालेखले ब्राह्मणसहित अन्य जाति प्राचीन कालदेखि नेपालमा बस्दैआएको बताउँछ । पुराण, त्रिपिटक, मुन्धुम, शिलालेख, भोजपत्र आदिलाई साक्षी राखी हिमाल, पहाड र तराईलाई सोध्दा वर्तमान समयका नेपालीहरू यही भूमिका सन्तान, आदिबासी वा रैथानीया भएको तथ्यसहित पुष्टि हुन्छ ।❖

१. चौसट्ठी शिवलिङ्गको विश्लेषणात्मक अनुसन्धान ।- सं. डा. स्वामी प्रपन्नाचार्य

२. नृत्तावसाने नटराजराजो ननाद ढक्कां नवपञ्चवारम् ।

उद्धर्तुकामः सनकादिसिद्धान् एतद्विमर्शे शिवसूत्रजालम् ॥ -नन्दीकेश्वर कारिका

३. नेपालके पहाड से राजकुमार सिद्धार्थको ३२ लक्ष्णों से युक्त बताने असित नामका ऋषि आया था ।

-(बुद्धकालिक भारतका इतिहास पृ.१९) प्रो. बाबूलाल

४. यस्य तत्पुष्पकं नाम विमानं कामगं शुभम् । वीर्यादावर्जितं भद्रे येन यामि विहायसम् ॥ -वाल्मीकिरामायण

५. असुरों के तीन पुर अयस् रजत और हिरण्य के थे ।

- (प्राचीन भारतीय कला एवं वास्तु, पृ.६०) डा. पृथ्वीकुमार अग्रवाल

नेपालका प्राचीन अभिलेख (पृ. १६७, १७१) ।-हरिराम जोशी

नेपालका प्राचीन अभिलेख (पृ. ४५७) ।-हरिराम जोशी

-खोप्लाङ, गोरखा

पालाको पैंचो

-सत्यवती मरहट्टा अर्याल

माता आमा पनि भनिन्छ ए मम्मी, युगानुकूल मान्यता
व्यस्त छन् सब पुत्र-वधु मधुरमण, अतित छ आफ्नै कथा ।

छोरा हो तिमी जन्मँदै प्रतिभाशील, ख्याल राख्नुपर्ने कुरा
गर्नैपर्छ मान सम्मान सबलाई, पहिला त मातापिता ।

प्रातःस्मरामी प्रार्थना तप ध्यान योग पश्चात् कर्म नित्य
मानार्थ बुज्जुक यिनै हुन् सबका रक्षक दिव्य सत्य ।

दिनचर्या शुरू सबतिर खलबल, आमा घरै बस्दछिन्
एकले अर्कोलाई सुनाउँछ छिमेकी, ऊ बजै सधैं मस्त छिन् ।

उकालो सिंढी दिन काट्नु कसरी, भत्भत् मन पोल्दछ
सन्ध्या पार गर्यो सब मस्त छिमेकी, लेक लागे झैं रात छ ।

चक्काजाम शरीर छ हातपाउ अधिनमा, छैनन् अटेर गर्दछन्
ओल्टे कोल्टे गर्यो रात बित्यो कसरी, कागले विकुल फुक्दछन् ।

माखाको अति तिव्र भुइँय अति रिसले, उतारचढाव बढ्दछ
हतारमा दुबै हात उठाउन त भन्यो, लल्याकलुलुक पर्दछ ।

यस्तै उस्तै हुँदै ऋतु सँगसँगै, पालुवा र पात झर्दछन्
हेर्दा हेर्दै ठूला ति वृक्ष, एकदिन बबन्डरमा ढल्दछन् ।

आमा अग्रज सबकी मुख्य जननी, कृपा र सम्भावना
आशीर्वाद रहर अमृत हो नभमा, मातृत्वको प्रेममा ।

सर्वत्र छाएकी छन् मातृशक्ति, यिनैलाई शिर झुकाऊ
हे आमा अब उठन विपना बनीदेऊ, प्रायश्चित म बिसाऊँ ।

काम्दै थर्थरी हात विचलन भई, पर्दा उघारी हेर्छौं
झक्कानो मुटुमा साँचेर राखे है, दुध भारको पैंचो तिर्छौं ।

पञ्चामृत तील कुश जौ दल सबै, त्यही घाटमा मिल्दछ
मेरै जन्मदाता भनी चिनेछि जननी, आँशु झल्झल झर्नेछ ।❖

वेदकालीन पुर योजना

–मनोज ढुङ्गाना

वैदिक वाङ्मय एक विशाल एवम् विस्तृत ग्रन्थ हो । यस ग्रन्थ अन्तर्गत संहिताहरू, ब्राह्मण ग्रन्थ, आरण्यक ग्रन्य, उपनिषद् आदिमा वेदका सूत्रहरू रहेका छन् । धराकै प्राचीनतम् पुस्तक ऋग्वेदकालदेखि नै तपोनिष्ठ ऋषिहरूले आफ्नो स्वअनुभूति अनुभव, सूक्ष्म अध्ययन अनुसन्धानबाट सम्पूर्ण विश्वकै मानव समाजलाई आवश्यक पर्ने विभिन्न शास्त्रहरूको रचना गरेका हुन् । अथर्ववेदको उपवेद; स्थापत्य वेदमा स्थापत्य कलाको प्राचीनतम सिद्धान्त विद्यमान रहेको छ । वेदले 'पुर' साथै गृह, प्रासाद आदि निर्माण गरिँदा कुन सिद्धान्त विचारको आधारमा निर्माण गर्ने सोको बारेमा प्रष्टसँग बताएको छ ।

प्राचीन मानवको प्रथम ग्रन्थ ऋग्वेद एवम् अन्य वेदमा 'ऋत' शब्द बारम्बार प्रयोग भएको छ । ऋत शब्दको प्रयोग अधिकत्तर प्राकृतिक नियम, शास्वत नियम, सत्यको रूपमा उपलब्ध छ । उदाहरणको लागि सूर्य उदाउनु, अस्ताउनु, ऋतु परिवर्तन हुनु, सूर्य चन्द्र ग्रहण लाग्नु, यमको जन्म मृत्यु नियम, पृथ्वी आफ्नो कक्षमा घुम्नु यी ऋतका शास्वत नियमहरू हुन् । उपनिषद्ले एक कदम अगाडि बढ्दै स्पष्ट रूपमा घोषणा गरेको छ– 'ऋतको महानियम बडो कठिन र विध्वंसकारी हुन्छ यदि यो नियम पालना गरिएन भने ....?' उदाहरणको लागि यही ऋतको नियम मानवले पालन नगर्नाले पृथ्वीमाता कति कुरूप भई पर्यावरण ध्वस्त भएको छ, हामी सबैले अनुभव गरेका छौं । यही ऋतको नियम मानव जीवनमा आउँदा नैतिक नियम हुन पुग्छ ।

हाम्रो शास्त्रमा उल्लेखित दैनिक जीवनचर्या, सोह्र संस्कार आदि यही ऋतको नियम अनुसार नै बनेका हुन् । यही ऋत प्राकृतिक नियमलाई आधार मानी वास्तु सिद्धान्त बनेर प्रयोगमा आएको छ । त्यसैले वास्तु पूर्णता ऋतको नियम बोकेको सिद्धान्त हो, जस्तो ब्रह्माण्ड हुन्छ त्यसै अनुसार घर, प्रासाद आदि सबै बनाउनु पर्दछ । हाम्रो जीवनशैली पनि ऋत अनुसार शान्त, आनन्दमय र रचनात्मक हुनुपर्छ भन्ने हो । ऋग्वेद (१.१५.४६) मा भवन निर्माण गरिँदा सूर्यको किरण बहुमात्रामा प्राप्त होस् र अथर्ववेदकै (९.३.१) को मन्त्र अनुसार वायु आवागमन बढी मात्रामा प्राप्त होस् भनेको छ । माथि उल्लेखित दुवै मन्त्रको आशय गृहको मुख पूर्व दिशा हुनुपर्छ भनी इंगित गरिएको हो । यही विषयलाई लिएर शतपथ ब्राह्मणले देवहरूलाई पूर्व पश्चिम विन्यास मन पर्दछ भनी लेखेको छ । आर्यजनहरूले विभिन्न जनपद स्थापना गरेका थिए र त्यही जनपदको राजधानीलाई 'पुर' भनिन्थ्यो । विशेषगरी अधिकांश पश्चिमी इतिहासकारहरूले वैदिक सभ्यतालाई ग्रामीण, गाई, भेडा चराउने भन्दै होच्याएर पूर्वाग्रह पूर्वक लेखेका छन् । तर वेदमा ग्राम शब्द भन्दा बढी 'पुर' शब्दको उल्लेख भएको छ । यस्ता पुरहरूलाई विभिन्न प्राकार (घेरा) ले घेरिएका हुन्थे । यसैलाई नै 'दुर्ग' भनिन्थ्यो ।

ऋग्वेदमा निम्न प्रकारको दुर्गहरूको उल्लेख भएको छ । जस्तैः– १) सुवर्ण निर्मित दुर्ग, २) अस्वमन्मयी अर्थात् ढुंगा माटोद्वारा निर्मित दुर्ग, ३) आयशी अर्थात् फलामबाट बनेको दुर्ग, ४) त्रिपुर अर्थात् सुनचाँदी, तामाद्वारा निर्मित दुर्ग, ५) शेतभुजी दुर्ग आदि ।

वेदले यस्ता दुर्गहरूलाई पृथ्वी (सुविस्तृण) उर्वी (विशाल) भनी उल्लेख गरेको छ । 'दृणपुरम' शब्दको अर्थबाट यी दुर्गहरू अत्यन्त बलिया, सुरक्षित सुदृढ थिए भन्ने बुझिन्छ । त्यसैले वेदले राजालाई पुराभेत्ता (दुर्गलाई भेदन गर्ने) भनेर लेखेको छ । यस्ता दुर्गहरूमा सयौं प्रकारका सुरक्षा सुविधा आवश्यक अनुसार हुन्थे र, अनेकौं द्वार सयौं खम्बाले युक्त हुन्थे । यस्तो दुर्गलाई शेतभुजी भनिएको हो ।

अथर्ववेदले देवहरू निवास गर्ने स्वर्ण दुर्ग भनेर उल्लेख गरेको छ । अथर्ववेदमै जीवपुर, गोपुर नामका दुर्गको उल्लेख भएबाट गाईमात्र बस्ने दुर्ग र जीवपुरमा अन्य पशु, घोडा, वैल आदि अन्य बस्ने भनेर अर्थ गरिएको छ । यसरी ठूलो क्षेत्रफल ओगटेको दुर्गभित्र जनसंख्या पनि धेरै हुन्थ्यो । त्यस दुर्गमा राजादेखि ऋषि महर्षि र विभिन्न पेशाका मानिसहरू बस्दथे । पुरलाई व्यवस्थित र



सुन्दर बनाउन विभिन्न प्रकारका व्यवस्था गरिएको हुन्थ्यो । अथर्ववेदको (१.२१.४७) मन्त्र अनुसार त्यस युगमा विभिन्न प्रकारका मार्गहरू बनिसकेका थिए । जस्तो १) जनायनः यस मार्गमा केवल मनुष्य मात्र विचरण गर्दथे । २) रथवर्त्मः रथमात्र हिँड्ने मार्ग, त्यस समयमा सयौं पाँङ्ग्रा भएको सय जनासम्म अट्ने अग्ला अग्ला रथहरू भएकाले यस्तो विशाल मार्गहरू निर्माण गरिएका हुन् । ३) अनुवर्त्मः यस मार्गमा वयल गाडी आदि मात्र चल्दथे । पुरको यस मध्य भागमा अग्नि स्थापना गरिएको हुन्थ्यो । यो ज्यादै पवित्र क्षेत्र मानिन्थ्यो । परवर्ति साहित्यमा मध्य क्षेत्रलाई 'ब्रह्मस्थल' भन्न थालियो ।

वेदका विविध मन्त्रबाट ज्ञात हुन्छ कि सडकको दायाँ बायाँ एकै प्रकारका गृह बनेका हुन्थे । र, गृह निर्माण गर्रिँदा चारैतिर जमिन छोडेर बनाइएका हुन्थे । गृह प्राङ्गणमा सुम्वल जस्ता वास्नादार दूवो र अन्य प्रकारको दुवो रोपिएको हरिया सुन्दर चौरहरू हुन्थे । चौरमा नियम अनुसार सानो ठुलो पुष्करिणी (पोखरी) निर्माण भएका हुन्थे । यस्ता पुष्करिणीमा- १) कमल- अथर्ववेदमा यसको उल्लेख भएको छ । २) पुष्कर- यो नील कमलको वर्णन ऋग्वेद (७.३३.११) मा गरिएको छ । ३) कुमुद- रात्रिको समयमा मात्र फुल्ने कमल । यसको वर्णन ऋग्वेद र अथर्ववेदमा उल्लेख भएको छ । ४) पुण्डरीक- यो दिउँसो मात्र फुल्ने कमल यसको उल्लेख ऋग्वेद र अथर्ववेदले गरेको छ; जस्ता फूलहरू रोपिएका हुन्थे ।

वेदमा गृहनिर्माणको पनि विशेष विधान तोकिएको छ । ऋग्वेदमा गृह शब्दमात्र होइन यसको पर्यायको रूपमा (शाला, आयतन, वास्तु, सदस, सदन, ओकस, निवेसन) आदि शब्दहरू रहेका छन् । वेदले विविध प्रकारका गृह प्रासादहरूको व्यापक रूपमा उल्लेख गरेको छ । अथर्ववेदको (९.३.७)मा उल्लेख भए अनुसार एक गृहमा विभिन्न प्रकारका कक्षहरूको उल्लेख गरेको छ । जसअनुसार १) अग्निशाला- यस कक्षमा अहोरात्र सदैव पवित्र अग्नि प्रज्वलित भइरहन्थ्यो । पछिका साहित्यमा यस कक्षलाई ईशान कोण वा पूजा कोठा भन्न थालियो । २) हविर्धान यस कक्षमा यज्ञको लागि आवश्यक पर्ने मालसामानहरू र दैनिक जीवनमा आवश्यक पर्ने सामग्रीहरू राखिएका हुन्थे । पछिका ग्रन्थमा यसै कक्षलाई भण्डार भन्न थालियो । ३) पत्नीनांसदनम्- नारीलाई सम्मानपूर्वक प्रदान गरिएको कक्ष हो । परवर्ति साहित्यमा यस कक्षलाई अन्तपुर भन्न थालियो । ४) सदस सभा- अतिथिलाई देवसरह मान्ने आर्यहरूको यो विशेष अतिथि कक्ष हो । परवर्ति साहित्यमा यस कक्षलाई आस्थान मण्डप, बैठक भन्न थालियो । यस बाहेक गौ, घोडा आदिका कक्षहरू पनि त्यस बेला बनाइएका हुन्थे । त्यस युगमा विशाल भवनदेखि साधारण घरहरू निर्माण हुन्थे । ऋभु, त्वष्टा जस्ता देव वास्तु विज्ञहरू यस्तो अद्वितीय भवन बनाउनमा दक्ष थिए ।

भवनहरूमा सहस्त्रद्वार (सयौं ढोका भएको), सहस्त्र खम्वा (सयौं खम्बा भएको), वृहन्तमान ज्यादै ठुलो प्रासाद घरहरूको वर्णन भएको छ । ऋग्वेद (८.४०.१२) को मन्त्रमा 'त्रिधातु' शब्दको उल्लेख भएको छ । यसै मन्त्रलाई आधार मानी महर्षि दयानन्दले सुन, चाँदी तामाको भवन हो भनेर उल्लेख गरेका छन् ।

अथर्ववेदमा त साधारण कुटीदेखि विशाल भवन र अनेकौं प्रकारका गृह निर्माण गर्ने उल्लेख गरिएको छ । जस्तैः १) द्विपक्षा, २) चतुष्पक्षा, ३) षट्पक्षा आदि जस्ता भवनहरूको उल्लेख गरिएको छ । गृह आदि निर्माण गर्दा नक्शा अनुसार नै निर्माण गर्नुपर्ने उल्लेख गरिएको छ । शाला वा गृहलाई 'मानस्यपत्नी' अर्थात् नापको अधिनस्थ भनेर उल्लेख गरिएको छ । अथर्ववेद (९.३१.९) को मन्त्रमा केही पारिभाषिक शब्दहरू परेका छन् । जस्तै मित- नापिएर (नाप्नु) (Measured) गरिएको होस् अर्थात् भवन बनाउने जमिन पूरा नाप गर्नुपर्छ र त्यसै हिसाबले नक्शा बनाउनु पर्छ भनिएको हो । २) उपमित- भवनको लम्बाई, चौडाई र उचाई आदि सबै नक्शा अनुसार नै होस् । ३) प्रतिमित- यस शब्दको अर्थ धातु (परिमाण) सँग सम्बन्धित छ । जस्तो कुनै मूर्ति निर्माण गर्दा ज्यादै सूक्ष्मताका साथ ध्यान दिई बनाइन्छ । त्यसैगरी भवन निर्माण गरिँदा लम्बाई, चौडाई र उचाईको पनि त्यत्तिकै ध्यान दिई निर्माण गरिनु पर्दछ भन्ने जनाउँछ । परिमित यस शब्दको अर्थ पनि परिमाणसँगै रहेको छ । वस्तुको परिमाण तुल्य अनुसार भवनको खम्बा, द्वार, झ्याल जुन-जुन ठाउँमा राखिनु पर्ने हो । त्यही स्थानमा राखी निर्माण गर्नुपर्दछ भन्ने हो । साथै ढोका, झ्याल अनेक होस् र ठूलो चौडाईयुक्त हुनुपर्छ ।

झ्यालका प्रकारका सम्बन्धमा अथर्ववेदले जाली भएको झ्याल, अच्क्षु, सहस्त्राक्ष (हजार आँखा भएको झ्याल) निर्माण गर्नु भनेको छ । ओपस शब्दको उल्लेख भएबाट भवनलाई पूरा सजावट गरेर राखिएको थियो भन्ने जनाउँछ । अथर्ववेदले गृह भवनको सजावटको तुलना भर्खरै विवाह गरेकी नव बधुजस्तो होस् भनेर उल्लेख गरेको छ र, त्यति बेलाका गृहहरूमा विभिन्न आकर्षक चित्रहरू कोरिएका हुन्थे, विविध प्रकारका रंगहरू लगाइएका र सुन्दर हुन्थे । अर्थात् नव वधु जस्तै सिंगारिएको हुन्थ्यो । अथर्ववेदले यस्ता अनुपम् गृहको विषयमा यस्तो भाव व्यक्त गरेको छ हाम्रा गृह उत्तम, उपमायुक्त होस्, विद्वानहरूले प्रशंसा, सह्राना गरून् । साथै अथर्ववेदको अर्को मन्त्रमा हे शाले ! तिमी हाम्रो लागि ध्रुव (स्थिर) भएर रहू, हे गृह ! तिमीबाट मधुवाणी सुन्न पाइरहियोस्, दुध, घ्यू, जलधारा गृहबाट प्रवाहित भइरहोस्, हे गृह ! तिमीद्वारा हामीलाई महान् सौभाग्य प्राप्त होस् भनिएको छ । र अन्त्यमा, त्यस युगमा माथी उल्लेख गरिएका तथ्यहरूबाट एक सुन्दर प्रमाणिक चित्र स्पष्ट अगाडि देखा पर्दछ । वैदिक कालपछि यही परम्परा मान्दै अनेकौ वास्तुग्रन्थहरू आवश्यकता अनुसार रचना भएका छन् । यस विषयमा अझै खोज, अनुसन्धान हुनु जरूरी छ ।❖

-चावहिल, काठमाडौं

सन्दर्भ सामग्रीः

१) ऋग्वेद संहिता
२) अर्थववेद संहिता
३) भारतीय वास्तुशास्त्रका इतिहास (डा. विद्याधर)
४) वेदमे समाजशास्त्र, अर्थशास्त्र और शिक्षाशास्त्र (डा. कपिलदेव द्विवेदी)

असार महिनाका पर्व तथा विदा

१ गते मिथुन सङ्क्रान्ति
२ गते गङ्गादशहरा व्रत/गोसाइकुण्ड स्नान समाप्ति
३ गते स्मार्तहरूको निर्जला एकादशी व्रत
४ गते वैष्णवहरूको निर्जला एकादशी व्रत (तुलसीको दल राख्ने दिन)
५ गते प्रदोष व्रत
६ गते विश्व शरणार्थी दिवस
७ गते पूर्णिमा व्रत/विश्व योग दिवस/संगीत दिवस
८ गते ज्याः पुन्हि/कवीर जयन्ती
११ गते मंगलचौथी व्रत/भूमी पूजा
१५ गते दहीचिउरा खाने दिन/राष्ट्रिय धान दिवस/गोरखकाली पूजा
१८ गते योगिनी एकादशी व्रत/विश्व खेलकुद पत्रकार दिवस
१९ गते प्रदोष व्रत
२९ गते भानु जयन्ती/सूर्य पूजा
३० गते गोरखकाली पूजा

ऐतिहासिक श्री पशुपति कोटिहोम एवम् १०८ श्रीमद्भागवत विश्व कल्याण मासिक ज्ञान महायज्ञ- २०८१

◫ बिदुरप्रसाद अधिकारी

पृष्ठभूमिः

आराध्यदेव भगवान् श्रीपशुपतिनाथ विराजित पशुपति क्षेत्र आफैँमा एक पावन पवित्र भूमि हो । यस क्षेत्रमा समय समयमा विभिन्न सन्त महन्त एवम् महापुरूषहरूले ठूला ठूला यज्ञ अनुष्ठानहरू आयोजना गर्नाले यहाँको गरिमा र महिमा थप वृद्धि हुँदैगएको छ । कथा प्रवचन जस्ता ज्ञान महायज्ञको तुलनामा हवनात्मक एवम् साधनात्मक महायज्ञहरू कमै हुने गर्दछन् । पछिल्ला समय ब्रह्मलीन योगी नरहरिनाथले मृगस्थलीमा लगाउनु भएको कोटीहोम, परमपुज्य श्मशानेश्वर चण्डी बाबाले वि.सं. २०६५ साल भदौ २३ देखि असोज २३ गतेसम्म कैलाशमा आयोजना गर्नुभएको १०९ कुण्डमा हवन सहितको विश्वशान्ति पितृमुक्ति ज्ञान महायज्ञ- २०६५, वि.सं. २०६८/६९ सालमा कालीबाबाले वनकाली प्राङ्गणमा लगाउनुभएको सहस्र रूद्रचण्डी महायज्ञ एवम् नागाबाबा पशुपति गिरीको सत्सङ्कल्पमा अन्नपूर्णा आश्रमले २०६७ र २०६९ साउनमा कैलाशमा आयोजना गरेको कोटि (सवाकरोड) पार्थिव शिवलिङ्ग पूजन विशेष अनुष्ठान र गत वर्ष प्रखरजी महाराजले वनकालीमा लगाउनु भएको अयुतचण्डी महायज्ञ उल्लेख्य छन् ।

यसै क्रममा मानव सेवा फाउण्डेसन लगायतका संस्थाको आयोजनामा ऐतिहासिक श्री पशुपति कोटिहोम एवम् १०८ श्रीमद्भागवत विश्व कल्याण मासिक ज्ञान महायज्ञ- २०८१ को आयोजना हुँदैछ । यो महायज्ञ साधनात्मक एवम् ज्ञान महायज्ञ दुवैको समिश्रण हुने जनाइएको छ । यो महायज्ञको आयोजना मूलतः दुई उद्देश्यले गरिएको छ- आध्यात्मिक(धार्मिक) एवम् भौतिक ।

आध्यात्मिक दृष्टिकोणले विश्वकल्याण, दुःख निवारण लगायतका उद्देश्य राखिएको छ भने भौतिक उद्देश्य अन्तरगत यस महायज्ञबाट संकलित रकम मानव सेवा फाउण्डेसनद्वारा सञ्चालित मामाघर अनाथालय आश्रम, ललितपुर र छोरीको घर ज्येष्ठ नागरिक आश्रम, भक्तपुरको भवन निर्माणको सहयोगार्थ सँगसँगै आश्रमहरूको सर्वाङ्गीण विकासका लागि सदुपयोग गरिने जनाइएको छ ।

महायज्ञमा विभिन्न यज्ञका स्वरूपहरू समावेश भएका हुन्छन् । यस महायज्ञमा पनि कतै कोटिहोम, कतै कोटि पार्थिव शिवलिङ्ग पूजन, कतै तुलादान त अर्कातिर विभिन्न पुराणमा आधारित कथाप्रवचनहरू आयोजना गरिने छ । कथा वाचन अन्तरगत सु-प्रसिद्ध कथा वाचिका परम पूज्या राधिका दासी माताबाट संगीतमय शिव महापुराण कथा वाचन, अन्तर्राष्ट्रिय कथा प्रवक्ता परम पूज्या देवी प्रतिभाजीबाट संगीतमय श्रीमद्भागवत कथा वाचन, वाचन प्रवीण पण्डित दीनवन्धु पोखरेलबाट संगीतमय श्रीमद्भागवत कथा वाचन, विदुषी डा. कान्ता भट्टराईबाट संगीतमय श्रीमद्देवी भागवत कथा वाचन र देवी चन्द्रकला सखीबाट संगीतमय श्रीराम कथा वाचन हुनुको साथै साधु, सन्त, महन्तसँगै अन्य कथा वाचक/वाचिकाहरूको आगमन सहित आशीर्वचनका कार्यक्रम हुने छन् । यस महायज्ञको पूर्वाङ्ग असार ३१ गते बिहान ७:०० बजे शोभा कलश यात्राबाट हुने छ भने श्रावण १ गते विहान ११:०० बजे महायज्ञ समुद्घाटन गरिने छ ।

श्रीपशुपति कोटिहोम महायज्ञका प्रमुख आकर्षणहरूः

१. १०८ पण्डितहरूद्वारा श्रावण महिनाभरि विभिन्न पुराणहरूको पाठपारायण, यज्ञ अनुष्ठान, हवन, नित्य पूजा, वैदिक मन्त्र उच्चारण, स्वस्ति वाचन, अखण्ड रूद्राभिषेक, अखण्ड हवन एवम् भूमि पूजन आदि गरिने ।

२. १०८ पण्डितगुरूहरूद्वारा वैदिक मन्त्र सहित अनवरत रूपमा नियमित हवन सामग्री र विशेष जडीबुटीद्वारा हवन गरिनुका साथै चार वेद, अठार पुराण, श्रीमद्भागवत, शिव महापुराण, रामायण आदि पाठ पारायण गरिने ।

३. सयौं जनाको समूहमा सामुहिक तुलादान, सामुहिक व्रतवन्ध, चैरासी पूजा र पितृ उद्धार कर्म गरिने तथा

आर्थिक अभाव भएका परिवारको सबै कर्म निःशुल्क गरिने ।

४. देश विदेशका ख्यातिप्राप्त सन्त, महात्मा धर्मगुरूहरूको उपस्थिति र प्रवचन सहित सबैलाई नागरिक अभिनन्दन गरिने र कथा व्यासजीहरूलाई कदर पत्रले विशेष नागरिक अभिनन्दन गरिने ।

५. राष्ट्रिय स्तरका कलाकारहरूको साथमा दैनिक संगीतमय कथा वाचन सहित भजन कीर्तन र विशेष देवलीला प्रस्तुत गरिने ।

६. ५,१०० दिव्य कलश पूजन गरिने ।

७. नेपालभरका सम्पूर्ण धार्मिक पर्यटकीय क्षेत्रहरूलाई विश्वभरि फैलाउनका लागि तिनको प्रचार-प्रसार गर्नुका साथै महत्त्वमाथि प्रकाश पारिने ।

८. चारवेद, अठार पुराण वाचन हुने ।

९. कोटि पार्थिव शिवलिङ्ग पूजन गरिनुका साथै कोटि बेलपत्र अर्पण कार्यक्रम गरिने ।

१०. कोटि दीप प्रज्ज्वलन गरिने ।

११. ११,००० भन्दा बढी बाल-कन्याहरूको पूजन गरिने ।

१३. दैनिक १०८ गौमाताको दूध जम्मा गरी पञ्चामृत तयार गरी वितरण गरिने ।

१४. राष्ट्रिय स्तरको टेलिभिजनबाट कार्यक्रमको नियमित र प्रत्यक्ष प्रसारण गरिने ।

१५. २१,००० भन्दा बढी ज्येष्ठ नागरिकको सम्मान गरिनुका साथै शारीरिक असक्तता भएका व्यक्तिहरूको सम्मान गरिने ।

१६. प्रत्येक दिन नायक, नायिका, गायक, गायिका आदि राष्ट्रिय स्तरका राजनेता र कलाकारको उपस्थिति रहने ।

१७. तण्डुलाचल (चामल) पर्वत निर्माण गरिने ।

१८. रात्रिको समयमा रामलीला, कृष्णलीला, ज्ञानमञ्च, विविध खेल अनवरत रूपमा प्रस्तुत गरिने ।

१९. भरतनाट्यं नृत्यको प्रस्तुति गरिने ।

२०. समाजमा विशेष योगदान दिनुभएका सामाजिक संघ-संस्था, धार्मिक संस्था, शैक्षिक संस्था, जनप्रतिनिधि, पत्रकार आदिलाई विशेष अभिनन्दन गरिने ।

२१. सामाजिक अभियन्ताहरूलाई अभिनन्दन गरिनुका साथै मठ-मन्दिरहरूका व्यवस्थापन समितिका पदाधिकारीहरूलाई सम्मान गरिने ।

२२. सर्वधर्म सद्भावना सम्मेलन र सन्त सम्मेलनको आयोजना गरिने र उहाँहरूलाई विशिष्ट मञ्च र सम्मान दिइने ।

२३. दुःख-कष्ट, रोगव्याधि, आपतविपत या कुनै समस्या छ भने सबै समस्याबाट मुक्त हुनको लागि दुःख निवारण यज्ञ गरी विशेष पूजन गराइने ।

२४. नेपाल भरिका तीर्थभूमिको महत्त्व दर्शाएर विश्वभर प्रचार-प्रसार गरिने ।

२५ दैनिक रूपमा करिव ११००० जनालाई प्रसादको व्यवस्था र ११०० जनालाई निःशुल्क भोजन र १००० जनालाई निःशुल्क आवासको व्यवस्था गरिने ।

पशुपति कोटिहोम महायज्ञमा हुने अनुष्ठानहरू

यस अवधिमा सयौँ ब्राह्मणहरूद्वारा श्रावण महिनाभर नियमित कोटि हवन गरिनुको साथै अष्टोत्तरशत (१०८) भागवत पाठ पारायण गरिने, मास पर्यन्त अतिरूद्राभिषेक (१४,६४१ आवृत्ति रूद्री) गरिने, कोटि पार्थिव शिव लिङ्गलाई कोटि वेलपत्रद्वारा पूजन गरिने, शतचण्डी पाठ पारायण गरिने, चार वेद अठार पुराण पारायण गरिने, श्रीयन्त्र पूजन तथा वितरण गरिने, तण्डुलाचल पर्वत निर्माण गरिने, ५,१०० कलश पूजन गरिने, कन्या (३ देखि ९ वर्ष सम्मका बालिकाहरू) पूजन गरिने, सामुहिक तुलादान गरिने, मनकामना पूर्ण कलश स्थापना एवम् पूजन गरिने, १००८ शालिग्राम, तिलार्चन तथा तुलसीदलद्वारा विशेष पूजन गरिने लगायतका कार्यक्रमहरू सञ्चालन हुने छ ।

महायज्ञमा दान या सहयोग गर्न चाहने भक्तजनहरुले सहयोग गर्न सक्ने क्षेत्रहरु

कोटिहोम महायज्ञमा आयोजक समितिले निश्चित शुल्कमा सदस्य, साधारण कर्ता, विशेष कर्ता, विशिष्ट कर्ता बन्ने प्रावधान राखिएको छ । यसैगरी कोटिहोम महायज्ञको मूलकर्ता बन्न चाहनेले १५५ जना गुरूहरू मध्ये कोही १ जना गुरूदेवलाई दक्षिणासहित लाग्ने एकमुष्ट खर्च तिर्नुपर्ने व्यवस्था गरिएको छ । यसका साथै एकदिनको बिहानी प्रसाद सेवा, दिवा प्रसाद सेवा, सायंकालीन प्रसाद सेवा,.

यातायात सेवा, १८ पुराण मध्ये कुनै एक पुराणको पूरै पाठ पारायण सेवा, एक दिनको साग सब्जी सेवा, पूजा सामग्री सेवा, ब्राह्मणहरूको जलपान सेवा, हनुमानजीलाई सवा मन लड्डु सेवा, यज्ञलाई घ्यू सेवा, आश्रमको आजीवन सदस्यता सेवा, तुलादान सेवा, लाखबत्ती सेवा, सुदर्शन भगवान्को अर्चना सेवा, शालग्राम भगवान्को अर्चना सेवा, एक वर्ग मिटर भूमिदान सेवा, एक दिनको पायसको लागि दूध सेवा, आरती सेवा, भूमिपूजन सेवा, भागवत्कर्ता सेवा, एक दिनको पिउने पानी सेवा, हवन कुण्डमा एकदिनको चरू सेवा, पितृअर्चना सेवा, चौरासी पूजा सेवा, गुन्यू चोलो गरेको सेवा, दुःख निवारण सेवा, अन्य विविध कर्म सेवा आदि शीर्षकमा सहयोग गरी प्रत्यक्ष सहभागी बन्न सक्नुहुने छ ।

यसैगरी मानव सेवा फाउण्डेसनको आजीवन सदस्य बनेर आश्रमको एक कोठा निर्माणका लागि समेत सहयोग गर्न सकिने छ । त्यस्तै, अनाथ बालबालिकाको अभिभावक बनेर, एउटा कोठा बराबर छत ढलान शुल्क बेहोरेर, आश्रमका बच्चाहरूको निम्ति अन्नदान सेवा (अन्नक्षेत्र सञ्चालन) गरेर पनि सहयोग गर्न सकिने छ । महारूद्राभिषेकमा सहभागी १ रूद्री बराबरको सेवा/लघुरूद्राभिषेक परिवारको नाममा सेवा/दुर्गासप्तसती (पुटकपाठ) सेवा/नवग्रह शान्ति सेवाको प्रावधान समेत रहेको छ ।

दानवीरदाताहरूलाई सम्मान

महायज्ञमा दान गर्नुहुने भक्तजनहरूले भगवान्को अनुकम्पाले अक्षय पुण्य त अवश्य प्राप्त गर्नुहुने नै छ । आयोजक समितिबाट समेत उहाँहरूले दिनुभएको दान एवम् सहयोगका आधारमा उचित सम्मानको व्यवस्था समेत रहेको छ । जस अनुसार, रू. पाँच सय पचपन्न भन्दा माथि जतिसुकै दान गर्नुहुने दानवीर दाता महानुभावहरूलाई उहाँहरूले दान गर्नुभएको दातव्यको आधारमा यथोचित सम्मान एवम् अभिनन्दनको व्यवस्था आयोजक समितिले गरेको छ । समितिका अनुसार महायज्ञमा आश्रमका लागि जग्गा, जमिन (भूमिदान), तुलादान, खाद्यान्न दान, वत्ती दान, वस्त्र दान, अन्य जिन्सी सामग्री दान कुनै दानवीरले गर्नुभएको खण्डमा सोही अनुसार मूल्यांकन गरी विशेष सम्मान प्रदान गरिने छ ।

ऐतिहासिक श्री पशुपति कोटिहोम महायज्ञका कार्यक्रम विवरणहरू :

(क) मिति २०८१ असार ३१ गते सोमबार बिहान ७:०० बजे कार्यक्रम स्थलदेखि हजारौं मातृशक्ति, बाजागाजाको साथमा साँस्कृतिक झाँकीहरू सहित भव्य विशाल कलश यात्रा गरी नगर परिक्रमा गरिने छ भने श्रावण महिनाको १ गते दिउँसो ११:०० बजे ऐतिहासिक श्री पशुपति कोटिहोम एवम् विराट् महायज्ञको समद्घाटन गरिने छ । यस अवधिमा जगद्गुरू, साधु, सन्त, महन्त प्रसिद्ध कथा वाचक, वाचिका आदिबाट विशेष अलौकिक दिव्य प्रवचन नियमित हुनेछ भने श्रावण महिनाभरि सयौँ गुरुहरूद्वारा नियमित हवन तथा अनेकौँ कर्म गरिनेछ । यसैगरी कार्यक्रम अवधिभर देश विदेशबाट विभिन्न सामाजिक अभियन्ता तथा राजनेताहरूको आगमन हुनुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त कलाकारहरूबाट विभिन्न गीत, संगीत, भजन, झाँकी, देवलीला, नृत्यआदि प्रस्तुति गरिने कार्यक्रम रहेको छ ।

ऐतिहासिक श्रीपशुपति कोटिहोम महायज्ञका विशेष कार्यक्रम विवरणहरू :

यस ऐतिहासिक कोटिहोम महायज्ञको प्रचार प्रसारको निम्ति यही असार २२ गते बिहान ११:०० बजे मोटरसाइकल ¥याली, असार २४ गते बिहान ११:०० बजे ट्याक्सी ¥याली, असार २६ गते बिहान ११:०० बजे रिक्सा ¥यालीका कार्यक्रम राखिएको छ भने असार २७, २८ र २९ गते चक्रपथ पैदल यात्राको कार्यक्रम राखिएको छ । यसैगरी असार ३० गते विहान ११:०० बजे साइकल ¥यालीको कार्यक्रम तय भएको छ ।

महायज्ञको तयारी

पशुपति क्षेत्रमा हुन लागेको यस विशाल महायज्ञको तयारी तीव्ररूपमा भइरहेको छ । कोटीहोम स्थल कैलाशमा नव कुण्डीय यज्ञमण्डप, समिधा एवम् हवन सामग्री भण्डारण गृह, ब्राह्मण प्रसादी गृह र शौचालयको निर्माण अन्तिम चरणमा पुगेको छ भने वनकाली प्राङ्गणमा विशाल पण्डाल निर्माण भइसकेको छ । महायज्ञको निम्ति आवश्यक समिधा र अन्य हवन सामग्री समेत यज्ञ परिसरमा भण्डारण गरिसकिएको छ । ❖

(नोटः प्रस्तुत लेख महायज्ञ सम्पादन समितिद्वारा वितरित विभिन्न पर्चा, पम्प्लेट एवम् ब्रुसेटहरूको आधारमा तयार पारिएको हो । सं.)

वात्सल्यकी प्रतिमूर्ति : आमा

-प्रा. गोपिनाथ शर्मा

कविता, निबन्ध, बालसाहित्य र समालोचनाका क्षेत्रमा विशेष पहिचान बनाइसकेका ज्ञाननिष्ठ ज्ञवालीको नवीनतम कृति आमा खण्डकाव्य प्रकाशित भएको छ । बालकविता र बालकथाको सिर्जनामा ज्ञवालीको विशेष पहुँच छ । भूमिकाको सैद्धान्तिक पक्षको उजागर गर्दै ज्ञवाली भूमिका लेखक र कुशल सम्पादकका रूपमा समेत परिचित छन् । यिनले मूलतः नेपाली साहित्यमा र शैक्षणिक प्रयोजनमा समेत गरी दुई दर्जन कृतिको लेखन र प्रकाशन गरिसकेका छन् । यिनको लेखनक्रम अविराम गतिले अगाडि बढिरहेको छ ।



त्रिभुवन विश्वविद्यालयमा सेवारत उपप्राध्यापक ज्ञाननिष्ठ ज्ञवालीले एम्. फिल्. तहसम्मको शिक्षा अति उच्च श्रेणीमा पूरा गरेका छन् । यसरी शैक्षिक तथा साहित्यिक फाँटमा एकनिष्ठ संलग्नता जमाएका ज्ञवालीले नेपाली साहित्यमा आमा (२०७८) खण्डकाव्यका माध्यमबाट विशेष योगदान गरेका छन् ।

आमा काव्यका प्रणेता ज्ञवाली मेरा सहकर्मी तथा सहयात्री मित्र हुन् । त्रिचन्द्र कलेजमा नेपाली स्नातकोत्तर तहमा अध्ययनरत रहँदादेखि नै मैले ज्ञाननिष्ठ ज्ञवालीलाई प्रतिभाशाली छात्रका रूपमा चिनेको हुँ । म त्रि.वि. नेपाली केन्द्रीय विभागमा प्राध्यापनरत हुँदा नै बेलामौकामा हाम्रो भेट भएको हो । मैले दुई हजार साठीको दशकमा केही वर्ष पद्मकन्या बहुमुखी क्याम्पसमा नेपाली स्नातकोत्तर तहमा आंशिक रूपमा प्राध्यापन गर्ने क्रममा उहाँसँग सहशिक्षण गर्ने अवसरमा हामी सहकर्मी भएका थियौँ । यसपछि भने हाम्रो प्राज्ञिक सम्पर्क बाक्लिएको थियो । यही क्रममा उनको शैक्षणिक प्रखरता र साहित्य सिर्जनाको गुणस्तरसँग परिचित भएको हुँ । अहिले उनै मेधावी मित्रको आमा खण्डकाव्य पढ्दा गौरवको अनुभूति भएको छ ।

आमा लघु खण्डकाव्य कृति हो । संरचनागत तहमा सानाठूला गरेर आठ सर्गमा विस्तारित यस काव्यमा विभिन्न लयका एक सय सैँतीस श्लोकहरू रहेका छन् । सर्गगत श्लोक संयोजनका क्रममा कम्तीमा पाँच श्लोक (सर्ग एकः आरम्भ) र बढीमा चौँतीस श्लोक (सर्गद दुईः आमा । नेपाल आमाको महिमा) संयोजन गरेर प्रबन्धात्मक स्वरूप दिइएको छ ।

काव्यको लयविधानलाई उपजाति र अनुष्टुप् शास्त्रीय छन्दका साथै झ्याउरे र सवाई गीति लोकलयको प्रयोग गरिएको छ । वात्सल्य प्रेमको स्नेहपूर्ण बोलचालको भाषा प्रयोग भएको छ । जन्मदात्री आमा, पालनकत्री धर्ती नेपाल आमा, सृष्टि विद्यायिका पौराणिक आमा र प्रजननशील मातृशक्ति सम्पूर्ण नारीको विभिन्न कोणबाट महिमा गान गरेर यस काव्यको रचना गरिएको छ । मातृशक्तिको गौरवगाथाको स्मृतिक्रमको तन्तुमा कथावस्तु

गनेर गाँसिएको छ । थोरैमा धेरै भन्ने व्यञ्जनाधर्मी ध्वनिकाव्यको गरिमागौरवतर्फ यो काव्य उन्मुख छ ।

'मातृदेवो भव, माता पृथिवी पुत्रोऽहं पृथिव्याः' अर्थात् 'आमा देवता समान हुनुहुन्छ, पृथिवी आमा हुनुहुन्छ, म पृथ्वीको छोरो हुँ' प्रभृति आर्य काव्यहरूले र रामायण, महाभारत तथा पुराणहरूले आमाको महिमा गाएका छन् । त्यसै क्रममा यो काव्य पनि आएको छ । रगतको सम्बन्ध रहने जन्मदात्री आमाको महत्त्व छँदै छ, अन्नजल दिएर पालनपोषण गर्ने धर्ती आमा मातृभूमिको पनि कम महत्त्व छैन । यी दुबै विशेष महत्त्वका छन् ।

पार्वती, यशोदा, कौशल्या आदि पौराणिक मातृवर्ग पनि महत्त्वपूर्ण छन्– वात्सल्य भावका कोणबाट समेत । नाताले छोरी, दिदी, बहिनी, नन्द, आमाजू, सासू, फुपू, भाउजू, माइजू, काकी, सम्धिनी, मितिनी जोसुकै भए पनि अन्ततः ती आमाकै रूपविशेष हुन् । यस काव्यले आमाको व्यापकतालाई उजागर गरेको छ, महिमा बखान गरेको छ । ध्वन्यात्मक शैलीमा कविले लेखेका छन् :

बन्दछे ऊ सधैँ उस्तै
फलेको वृक्ष झुक्दछे
कतै फूल बनी फुल्छे
फूलबारी सिँगार्दछे । (सर्ग ४, श्लोक ९)

मैनबत्ती जली आफू
प्रकाश जब छर्दछ
आमाको जीवनी पढ्दा
मैनकै भाव खुल्दछ । (सर्ग ८, श्लोक १७)

मातृशक्तिको वात्सल्य र निःस्वार्थ सेवाभावको महिमा गान गर्ने सन्दर्भमा लेखक आफू त्यस सेवाको भोक्ता भएको र त्यस समर्पण कार्यप्रति आफू नतमस्तक भएर भक्तिपूर्ण कृतज्ञता जाहेर गरेको भावशृङ्खलामा काव्यको स्थापत्य निर्माण गरिएको छ । सर्ग एक 'आरम्भ' शीर्षकमा छ र मङ्गलाचरण स्वरूप जन्मदात्री आमा, पालनकत्री मातृभूमिको गुणगान गाइएको छ । सर्ग दुई 'आमा (नेपाल आमा) को महिमा' शीर्षकमा छ र यो काव्यको मुख्य पक्षका रूपमा समेत रहेको छ । जन्म दिने आमा र आश्रय दिने नेपाल आमाको महिमा वर्णन गरिएको छ । एक उदाहरण हेरौँ :-

आमा बनी शोक र भोक नास्यौ
यो देहमा सुन्दर फूल गाँस्यौ
आत्माभरि जाँगर जोस ल्यायौ
सन्तानका निम्ति सबै गुमायौ । (सर्ग २, श्लोक २३)

सर्ग तीन 'अनेक रूपमा आमा' शीर्षकमा रहेको छ । अनुष्टुप् छन्दका अठार श्लोकमा विस्तारित यस सर्गमा 'मातृदेवो भव' भन्ने आर्ष सन्देश अनुकूल आमालाई भगवती, पार्वती र सरस्वतीका साथै यशोदा र कौशल्याको महिमा गान गरिएको छ । नाता सम्बन्धका विभिन्न नारीहरूलाई प्रकारान्तरले आमाकै रूप मानिएको छ ।

सर्ग चार 'अनेक रूपमा नारी' शीर्षकमा रहेको छ । यस सर्गमा अनुष्टुप् छन्दका दस श्लोक रहेका छन् । यहाँ आमाको गरिमा वर्णन गर्ने क्रममा महाकाली, महालक्ष्मी, महासरस्वती जस्ता पौराणिक नारीलाई प्रस्तुत गर्दै सीता, भृकुटी, पारिजात, पासाङ ल्हामुजस्ता विशिष्ट नारीको महत्त्व दर्शाइएको छ ।

एउटा उदाहरण हेरौँ –

सृष्टिको मूल हुन् नारी
सृष्टि आधार रक्षक
सृष्टि सौन्दर्यका निम्ति
पृथिवी बन्नुपर्दछ । (सर्ग ४, श्लोक ८)

सर्ग पाँच 'मेरी आमा' शीर्षकमा रहेको छ । यसमा झ्याउरे गीती लयका अट्ठाईस श्लोकहरू छन् । यसमा कवि ज्ञाननिष्ठले आमा इन्दिरादेवी पाल्पाको द्यौराली भन्ने ठाउँमा खनाल परिवारमा जन्मेको, राम्रो लालन पालन पाएर हुर्केको, समयक्रममा गुल्मी जिल्लाको थोर्गा ज्ञवाली परिवारमा डिल्लीराजसँग विवाह भएको, निष्ठापूर्वक घरको काम सम्हाल्नुका साथै गृहस्थी जीवन र आमाको दायित्व पूरा गरेको घटनाक्रमहरू वर्णन गरेका छन् । चार छोरीपछि पाँचौँ सन्तानका रूपमा जन्मेका ज्ञाननिष्ठले आमाप्रति कृतज्ञ हुँदै लेखेका छन्ः

हे ! आमा मेरी वन्दना गर्छु
मुटु नै चस्किन्छ
बितेका कथा सम्झँदा आमा

यो मन भस्किन्छ । (सर्ग ५, श्लोक २३)

सर्ग छ 'केही सल्लाह' शीर्षकमा रहेको छ । यसमा सवाई गीति लयका बाह्र श्लोकहरू छन् । भरी-बादल, अभाव सहँदै सन्तानलाई हुर्काउने आमालाई दिलो ज्यानले सेवा गर्नुपर्ने, वृद्धाश्रम पठाउन नहुने भन्ने सल्लाह दिँदै कविले लेखेका छन्:

भर्को फर्को नगर्नू है
सेवा गर्नलाई
वृद्धाश्रममा नपठाऊ
आमाबाबुलाई । (सर्ग ६, श्लोक ९)

सर्ग सात 'कोरोना कहर' रहेको छ । यसमा झ्याउरे गीति लयका नौ श्लोकहरू छन् 'कोभिड १९' ले विश्व आक्रान्त भएको समसामयिक घटनाक्रमलाई स्पर्श गर्दै नेपाल पनि त्यसबाट अछुतो नभएको वर्णन गरिएको छ । कोरोनाको कहरले गर्दा आउजाउ हुन नसकेको, भेटघाट हुन मुस्किल भएको दुःखद् अवस्था प्रस्तुत गरिएको छ । फोन गरेर सबैसँग चित्त बुझाउनुपर्ने भन्दै यहाँ कृति रचनाको समय सन्दर्भ सङ्केत गरिएको छ । कोरोनाबाट बच्न सल्लाह दिँदै कविले लेखेका छन् :

मुदमा माक्स लगाई हिँड्न्
भीडमा नजानू
साबुन पानी लाएर भुनू
बाहिर नखानू । (सर्ग ७, श्लोक ४)

सर्ग आठ 'समापन' शीर्षकमा रहेको छ । यसमा अनुष्टुप् छन्दका एक्काइस श्लोक रहेका छन् । यहाँ आमाको काखको महत्त्व दर्शाउँदै आमालाई मायाको कुवेर भनिएको छ । पेसाले आमाबाट टाढा भए पनि, अन्यत्र जानु परे पनि आमालाई स्मरण गर्दै कृतज्ञ हुनुपर्ने भाव व्यक्त भएको छ । कवि ज्ञवालीले आमाप्रति नतमस्तक हुँदै लेखका छन्:

(क) आमाको दूधको भारा
कसरी तिर्न सक्छु र
आमाको जीवनी सारा
कसरी कोर्न सक्छु र (सर्ग ८, श्लोक १६)

(ख) साष्टाङ्ग दण्डवत् मैले
प्रमाण गर्छु अर्पण
स्वीकार गर्नुहोस् आमा
श्रद्धा भक्ति समर्पण (सर्ग ८, श्लोक १८)

(ग) आमाको महिमा गाई
थाक्दैन कवि क्वै पनि
जननी जन्म भूमिश्च
स्वर्गादपि गरीयसी । (सर्ग ८, श्लोक २१)

यसप्रकार आमालाई केन्द्रबिन्दुमा राखेर विधि परिपञ्चको अनुभूति गर्न काव्यिक कृतिका रूपमा 'आमा' खण्डकाव्यको निर्माण गरिएको छ । आमा शब्द त्यसै पनि हृदयसंवेद्य शब्द हो । यसतर्फ पनि कवि ज्ञाननिष्ठ सचेत छन् । मातृप्रणयको भाव, भावानुकूल शब्दविन्यास र लयविधानका साथै सङ्क्षिप्त प्रबन्धले काव्यलाई गहकिलो अनुभूतितर्फ अगाडि ल्याएको छ । यति सुन्दर काव्यकृति सिर्जना गर्ने मित्र ज्ञाननिष्ठको उत्तरोत्तर प्राज्ञिकप्रखरताको सह्राना गर्दछु ।❖

-ज्ञानेश्वर, काठमाडौं

वैदिक सनातन धर्म सापेक्षताको निम्ति अनसन

वैदिक सनातन धर्म सापेक्ष राष्ट्र कायम गर, स्वदेशमै काम गरेर खान देऊ, आम नागरिक तथा उद्योगी व्यवसायीहरूलाई बच्न देऊ लगायतका १८ बुँदे माग राखी गत वैशाख २४ गते गतेदेखि शुरू गरिएको सामुहिक अनसन सहितको सत्याग्रह १७ औं दिनमा स्थगन गरिएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको निर्देशनमा सहसचिव विनोद लामिछानेको नेतृत्वमा कार्यदल गठन गरी सरकारले अनशनकारीको मागलाई गम्भीरतापूर्वक संवाद गरी छलफल गर्ने विश्वास दिलाएसँगै सत्याग्रहको कार्यक्रम स्थगित गरिएको हो । अनसनकारीको तर्फबाट भने डा. लक्ष्मीप्रसाद खतिवडा र ताराप्रसाद अर्यालको नेतृत्वमा वार्ता समिति गठन गरिएको र उक्त समितिमार्फत गरिएको वार्ता सकारात्मक नतिजातर्फ अगाडि बढेको जनाइएको छ ।

राष्ट्रिय संयुक्त संघर्ष समितिको आयोजनामा कलंकी चोकमा गरिएको सत्याग्रहमा चन्द्रबहादुर थापाको नेतृत्वमा २ जना महिला सहित ९ जना व्यक्तिहरू आमरण अनशनमा बसेका थिए । अनशन बस्नेहरूमा चन्द्रबहादुर थापा, द्रोण सुवेदी, विन्दु केसी, पार्वती पुलामी मगर, इन्द्र आले, प्रह्लाद पोखेल, शेर बहादुर साउद, हिमलाल पौडेल र सुवाष श्रेष्ठ थिए । सत्याग्रहको साथमा कार्यक्रमको बिच-बिचमा मोटरसाइकल ऱ्याली तथा दबाबमूलक कार्यक्रमहरू पनि आयोजना गरिएको थियो । जसमा विभिन्न धार्मिक संघ संस्था, उद्योगी व्यवसायी तथा यातायात व्यवसायीहरूको पनि सहभागिता र समर्थन रहेको थियो ।

कथा व्यास सम्मेलन सम्पन्न

गत जेठ १४ र १५ गते राजधानीमा आयोजित राष्ट्रिय कथाव्यास समाजको दुईदिने वृहद् सम्मेलन एवम् अधिवेशन १३ सदस्यीय नयाँ कार्यसमिति चयन गरी समापन भएको छ । नवनिर्वाचित समितिमा अध्यक्ष कुबेर सुवेदी, उपाध्यक्ष बालकृष्ण अर्याल, महासचिव राघवप्रसाद उपाध्याय, कोषाध्यक्ष रामचन्द्र तिमल्सिना र सचिवमा सुरज कौण्डिन्य पराजुली रहनुभएको छ । यसै गरी सदस्यहरूमा

सुधा शास्त्री, देवभट्ट बराल, मदनराज उपाध्याय, जगन्नाथ सुवेदी, मनोज नेपाल र सन्तोष आचार्य हुनुहुन्छ । नयाँ कार्यसमितिले कथाव्यास क्षेत्रलाई आन्तरिक शुद्धी र बाह्य शुद्धी गर्दै धार्मिक क्षेत्रलाई पवित्रकरण गर्न र कथाव्यास क्षेत्रमा एकरूपता ल्याउन तथा सनातन धर्मको रक्षाको लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने बताइएको थियो । सो समिति चयनको निम्ति ३ सदस्यीय निर्वाचन समिति गठन गरिएको थियो । निर्वाचन समितिमा निर्वाचन प्रमुख आत्माराम ढकाल, निर्वाचन सदस्य डाक्टर गुरूप्रसाद सुवेदी र रामचन्द्र सिग्देल हुनुहुन्थ्यो ।

पाँच कृति एकसाथ विमोचित

कवि अनन्तकुमार बस्नेतको पाँच वटा कविता संग्रह एकैसाथ विमोचन गरिएको छ । गोरखा पब्लिकेशन प्रालिद्वारा गत जेठ २६ गते नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजित विशेष समारोहमा प्रमुख अतिथि प्राज्ञ मुकुन्द शरण उपाध्यायसहित विशिष्ठ अथितिद्वारा कृतिको विमोचन गरिएको हो । लेखककी माता रत्नकुमारी बस्नेतको सभापतित्वमा आयोजित सो समारोहमा नेपाली काङ्ग्रेसका महासचिव, पूर्वमन्त्री गगनकुमार थापा, कवि एवम् साहित्यकार मुकुन्द शर्मा चालिसे, महाकवि चन्द्रप्रसाद न्यौपाने, साहित्यकार डा. रेणुका सोलु, सामाजिक अभियन्ता शर्मिला कार्की लगायतका व्यक्ति् हरूको उपस्थिति थियो ।

विमोचित पाँच कविता संग्रहमा फरक फरक शैलीका कविता एवम् गजलहरू संग्रहित छन् । जसअन्तरगत 'अभ्यर्चना'मा देवी देवताको आराधना, पितृ मातृ भक्ति,

जीवन जगत्का कुराहरू समेट्ने प्रयास गरिएको छ । छन्दबद्ध १२० वटा कविता समावेश छन् । यस्तै 'वसुधा' मा देश भक्ति, प्रकृति चित्रण जस्ता विषयहरू समावेश १३२ वटा कविता छन् भने 'निर्झरीः मा ११२ वटा मुख्यतया प्रेमिल कविताहरू समवेश छन् । यसैगरी 'किन्नरी'मा मायाँ प्रेम, प्रकृति, देवताको आराधना सबै बिषय समावेश गरिएका १३४ वटा गजल गजलसङ्ग्रह र 'वासन्ती वाला' मा हाम्रा चाडपर्व, रीतिरिवाज जस्ता विषय समावेश गरिएका ११४ वटा कविता समावेश छन् ।

मन्त्री तामाङद्वारा ग्लान थातथलोको अवलोकन

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री हितबहादुर तामाङले ग्लान वंशको थातथलोको अवलोकन गर्नुभएको छ । मन्त्री तामाङले नुवाकोट दुप्चेश्वर गाउँपालिका वडा नं. ४ बेतिनिस्थित ग्लान वंशको थातथलो 'नाम्सापुरान' पुगेर सो स्थानलाई पहिचानको रूपमा ग्लान सांस्कृतिक सङ्ग्रहालय बनाउने उद्घोष समेत गर्नुभयो । मन्त्री तामाङले यो वर्षको बजेटमार्फत त्यस स्थानमा सङ्ग्रहालय बनाउन ग्लान समाजको संयोजनमा 'ग्लान उद्गमथलो ङारदिम संरक्षण तथा प्रवर्द्धन केन्द्र' शीर्षकमा ९० लाख रूपैयाँ बजेटसमेत विनियोजन गरेका हुन् ।

यसैगरी वाग्मती जिल्ला समन्वय समितिका अध्यक्ष एवम् जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित ग्लानले यसको ठाउँको संस्कृति जोगाउनुपर्ने बताए । उनले भने,'ग्लानहरूले खोज्दै आउँदा ग्लानको थातथलोमा आफ्नै संस्कृति पाउनुपर्छ, त्यसको लागि जोगाउनुपर्छ ।' थातथलो अवलोकनका क्रममा बागमती प्रदेशका पूर्व सांसद ओमबहादुर ग्लानले यस थातथलोलाई चिनाउनका लागि मन्त्रीले बजेट विनियोजन गरेकोमा धन्यवाद दिँदै थातथलोलाई कसैले बिर्सन नहुने बताए । त्यस्तै बेतिनी डाँडामा निर्माणाधिन डम्फु पार्क र कुदाप क्याबा (चुल्हो) डाँडा पर्यटकको आकर्षण थलो बनेको छ ।

साहित्यको माध्यमबाट महिला, बालबालिका तथा विश्व वातावरण संरक्षणको पक्षमा काम गर्न सकिन्छः मन्त्री चौधरी

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगवती चौधरीले साहित्यको माध्यमबाट महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको अधिकार एवम् विश्वको वातावरण संरक्षणको पक्षमा काम गर्न सकिने बताउनुभएको छ ।

काठमाडौँमा सम्पन्न हिमालयन लिटरेचर फेस्टिभल अन्तर्गत न्यू योर्क राइटर्स वर्कसप इन काठमाडौँलाईलाई जेठ १४ गते सम्बोधन गर्दै मन्त्री चौधरीले त्यस्तो बताउनुभएको हो । विश्वका १० देशबाट सहभागी लेखक, साहित्यकार तथा कविहरूलाई नेपालमा स्वागत गर्दै उहाँले आजको मानवीय आवश्यकताको संरक्षणमा साहित्यको तर्फबाट महत्त्वपूर्ण भूमिका खेलिरहेको भन्दै प्रशंसा गर्नुभयो । साहित्यिक अभियानले मानव जाति र पृथ्वीलाई समेत संरक्षण गर्ने भएकाले विश्व अभियानको रूपमा यसलाई लैजान मन्त्री चौधरीले आग्रह गर्नुभयो ।

पशुपतिनाथको चारै ढोका चार बजे नै खुल्ने

पशुपति क्षेत्र विकास कोषले यही असार १ गतेबाट भगवान् श्रीपशुपतिनाथको चारै ढोका विहान चार बजेबाटै खोलिने निर्णय गरिएको छ । भगवान् श्रीपशुपतिनाथको दर्शन गर्न स्वदेशी एवम् विदेशी भक्तजनको चाप बढेको भन्दै सहजताको निम्ति विहान चारबजेदेखि आठ बजेसम्म चारै ढोका खोलिने व्यवस्था गरिएको कोषले जनाएको छ । यस अगाडि तीज, महाशिवरात्रि जस्ता पर्वहरूमा मात्र सबेरै चारै ढोका खोलिने चलन थियो भने अन्य दिनहरूमा विहान साढे नौ बजे पछि मात्र चार ढोका खोल्ने चलन थियो । यसैबीच सबेरै चार ढोका खोल्ने निर्णय तत्कालको निम्ति लोकप्रिय देखिए पनि संस्कार, संस्कृति र परम्परासँग जोडिएका यस्ता कुराहरूको निर्णय गर्दा संवन्धित क्षेत्रका विज्ञहरूको परामर्श लिएर मात्र अगाडि बढ्नु पर्ने देखिन्छ ।

डेंगीबाट कसरी बच्ने ?

❖ बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ ।

❖ लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।

❖ घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।

❖ पानी राखेको भाँडालाई छोपेर राखौं ।

❖ लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं ।

❖ लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।

❖ घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔ ।

❖ सुत्ने बेलामा झुल लगाएर सुतौं ।

❖ कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं ।

❖ कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरू राम्ररी सफा गरौं ।

नेपाल सरकार
विज्ञापन वोर्ड

अरुणसिंह पण्डालवाला
प्रोपाइटर
ॐ
अरूणसिंह पण्डालवाला
गौरीघाट काठमाडौं, मोवाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५
सेवाहरू:
वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला
साथै बत्ती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

शुद्ध, सफा र स्वादिष्ट नेपाली भोजनका लागि सदैव सम्झनुहोला ।
त्रिवेणी भोजनालय
क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

संस्कृत, नेपाली एवम् हिन्दी भाषामा समेत वेद, पुराण, ज्योतिष, कर्मकाण्ड आदि विषयमा विभिन्न धार्मिक पुस्तकहरू चाहिएमा सधैं सम्झनुहोला !
दुर्गा धार्मिक पुस्तक पसल
पशुपति, काठमाडौं
सम्पर्कः ९८४१५२१३५३

Your Printing Solution

"गुणस्तरीय छपाई, सुपथ मुल्य"
किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौ, फोन: ०१-४०२२५४४

अपर तामाकोशी हाइड्रोपावर लिमिटेडद्वारा प्रबर्द्धित रोल्वालिङ खोला जलविद्युत आयोजना

Salient Features	Rolwaling Khola Hydroelectric Project
Type of Development	Run-of-River including Diversion
Location	Bagmati Province, Dolakha District, Bigu Rural Municipality Ward No. 1 and Gaurishankar Rural Municipality Ward No.9
Headwork's Location	Gaurishankar Rural Municipality Ward No.9
Powerhouse Location	Bigu Rural Municipality Ward No.1, Lamabagar
Installed Capacity	22 MW
Annual Energy	317 GWh including diversion
Gross Head	207.18m
Design Discharge	13.4m3/sec
Settling Basins	110*9.0*9.7m
Headrace Tunnel	6.2km
Power House (Underground)	35*11.85*22m
Number of units	2
Tailrace Tunnel	740m
Access Road from Charikot of Dolakha District	68.0km
Transmission Line	8.35km Length, 33kV

गो.हु.का. (म.क्ष.हु.नि.द.नं.) १०/०६७/०६८

।।एक युगमा एक पटक।। ॐ ॥ श्री परमात्मने नमः ॥ ॥ न भुतो न भविष्यती ॥ ।।इतिहासमै पहिलो पटक।।

(न भुतकालमा यस्तो महायज्ञ भयो न त भविष्यमा हाम्रो जीवन कालमा हुन सक्ला या नसक्ला)

ऐतिहासिक श्री पशुपति कोटिहोम एंव १०८ श्रीमदभागवत विश्व कल्याण मासिक ज्ञान महायज्ञ

मामाघर अनाथालय आश्रम, ललितपुर

Bank Details

Foundation Details

छोरीको घर ज्येष्ठ नागरिक आश्रम, भक्तपुर

सादर-निमन्त्रणा

अभिभावक विहिन अनाथ तथा आधारभूत आवश्यकताबाट वञ्चित बालबालिकाहरुलाई निःशुल्क रुपमा गास, बास, कपास, स्वास्थ्य र शिक्षा प्रदान गर्दै आइरहेको **मामाघर अनाथालय आश्रम, ललितपुर** र बेसहारा, पिडित, दुःखी, गरिब र आधारभूत आवश्यकताबाट वञ्चित ज्येष्ठ नागरिकहरुलाई निःशुल्क रुपमा गास, बास, कपास र स्वास्थ्य प्रदान गर्दै आइरहेको **छोरीको घर ज्येष्ठ नागरिक आश्रम, भक्तपुरको भवन आदि निमार्ण सहयोगार्थ** आयोजित **ऐतिहासिक श्री पशुपति कोटिहोम एवं १०८ श्रीमदभागवत विश्व कल्याण मासिक ज्ञान महायज्ञ** लाई भव्य र सभ्य रुपमा सम्पन्न गर्नका लागि हजुरको गरिमामय उपस्थितका लागि **हार्दिक निमन्त्रणा** गर्दछौं।

ऐतिहासिक महायज्ञका कार्यक्रम विवरणहरु:

(१) मिति २०८१ असार महिनाको २२ गते शनिबार विहान ११:०० बजे बाट बृहत मोटरसाइकल र्‍याली गरी काठमाडौं चक्रपथ परिक्रमा गरिने ।
(२) मिति २०८१ असार महिनाको ३१ गते सोमबार विहान ७:०० बजे कार्यक्रम स्थल देखि हजारौं मातृशक्ति, बाजागाजाको साथमा साँस्कृतिक झाँकीहरू सहित भव्य विशाल कलश यात्रा गरी नगर परिक्रमा गरिने ।
(३) मिति २०८१ श्रावण महिनाको १ गते मंगलवार दिउँसो ११:०० बजे ऐतिहासिक श्री पशुपति कोटिहोम एवं विराट महायज्ञको समुद्घाटन गरिने ।
(४) जगद्गुरू, साधु, सन्त, महन्त, प्रसिद्ध कथा वाचक, वाचिका आदिबाट विशेष, अलौकिक दिव्य प्रवचन नियमित हुने ।
(५) देश विदेशबाट कार्यक्रम अवधिभर विभिन्न सामाजिक अभियान्ता तथा राजनेताहरूको आगमन हुने ।
(६) श्रावण महिना भरी सयौं गुरुहरु द्वारा नियमित हवन तथा अनेकौं कर्म गरिने ।
(७) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याती प्राप्त कलाकारहरूबाट विभिन्न गित, संगीत, भजन, झाँकी, देव लिला, नृत्य आदि प्रस्तुती हुने ।

आयोजक:

१) श्री मानव सेवा फाउण्डेसन, नेपाल (काठमाडौं)
२) श्री विजय कृष्णमूर्ति जी महाराज फाउण्डेसन, नेपाल (काठमाडौं)
३) श्री मामाघर अनाथालय सपोर्ट एण्ड केयर सेन्टर, नेपाल (ललितपुर)
४) श्री छोरीको घर जेष्ठ नागरिक आश्रम (भक्तपुर)
५) श्री हिन्दु सेना, नेपाल (काठमाडौं)
६) श्री डोनेट फर नेपाल (काठमाडौं)
७) श्री मामाघर परोपकार तथा सेवा आश्रम (ललितपुर)
८) श्री माईतीघर जेष्ठ नागरिक स्याहार तथा संरक्षण केन्द्र, नेपाल (काठमाडौं)
९) श्री पञ्चकन्या धाम एवं गाईघाट क्षेत्र संरक्षण तथा विकास प्रतिष्ठान, नेपाल (तनहुँ)
१०) स्वधर्म परिवार, नेपाल (काठमाडौं)
११) हजुरहरु र हामी सबै

मिति:
२०८१ श्रावण ०१ गते देखि श्रावण ३२ गते सम्म

महायज्ञ स्थल:
श्री पशुपति क्षेत्र, (वनकाली) हंस मण्डप, काठमाडौं, नेपाल

सम्पर्क सूत्र :
०१-५२१८१२५
९८५१३५७०१५ / ९८५१३५७००७ / ९८५१३५७००९
९८०२३७००८३ / ९८०२३७००८१ / ९८०२३७००९३

वाचन प्रवीण पण्डित श्री दीनवन्धु पोखरेलज्यू
श्रावण ०८ गतेदेखि श्रावण १४ गतेसम्म ।
दिउँसो १:०० बजेदेखि बेलुका ०५:०० बजेसम्म ।
(संगीतमय श्रीमद्भागवत कथा वाचन)

प्रसिद्ध श्रीमद्भागवत कथा वाचिका देवी प्रतिभाज्यू
श्रावण ०१ गतेदेखि श्रावण ०८ गतेसम्म ।
दिउँसो २:०० बजेदेखि साँझ ०७:०० बजेसम्म ।
(संगीतमय श्रीमद्भागवत कथा वाचन)

प्रसिद्ध श्री राम कथा वाचिका देवी चन्द्रकला सखीज्यू
श्रावण १६ गतेदेखि श्रावण २४ गतेसम्म ।
दिउँसो २:०० बजेदेखि बेलुका ०६:०० बजेसम्म ।
(संगीतमय श्री राम कथा वाचन)

सु-प्रसिद्ध कथा वाचिका राधिका दासी माताज्यू
असार ३१ गतेदेखि श्रावण ०७ गतेसम्म ।
विहान ८:०० बजेदेखि दिउँसो १:०० बजेसम्म ।
(संगीतमय शिव महापुराण वाचन)

श्रीमद् देवी भागवत वाचिका विदुषी डा. कान्ता भट्टराई ज्यू
श्रावण १६ गतेदेखि २४ गतेसम्म ।
विहान ९:०० बजेदेखि विहान ११:०० बजेसम्म
(संगीतमय श्रीमद् देवी भागवत कथा वाचन)